## पूर्ण इजलास

१

**मा.न्या.श्री रामकुमारप्रसाद शाह, मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कमलनारायण दास,** फौ.पु.इ.नं. ०६८-CF-००१६, कर्तव्य ज्यान, *अम्बरबहादुर पुन मगर वि. नेपाल सरकार*

पटक-पटक टाउको ठोक्काई पहिले नै बेहोस भई लडेको व्यक्तिको पुनः घाँटी कसी मार्नेसम्मको कार्य गरिन्छ भने त्यस्तोमा मानिस मार्ने मनसाय थियो, थिएन भनी खोजी गरिरहनु पर्दैन । पुनरावेदक प्रतिवादीको सो कार्य स्वयं नै निजको मनसाय पुष्टि हुने पर्याप्त र वस्तुनिष्ठ आधार हो । यस्ता कतिपय क्रूर र अमानवीय हत्याका वारदातमा आपराधिक कार्यबाट नै मनसाय निःसृत हुने हुँदा मनसाय तत्वको निरपेक्ष खोजी गर्न आवश्यक नहुने ।

पुनरावेदकले निर्मला पौडेललाई मनसायपूर्वक निजको (चुन्नी) सलले घाँटी कसी मारेको र सो कुरा शव परीक्षण प्रतिवेदनसमेतको मिसिल संलग्न प्रमाणहरूबाट समर्थित भएको देखिँदा निजको सो कार्य मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. अन्तर्गतको कसूर रहेको देखिन नआई सोही १३(३) अन्तर्गतको कसूर देखिन आएको हुँदा पुनरावेदक प्रतिवादी अम्मरबहादुर पुन मगरलाई अभियोग माग दावीअनुसार कसूरदार ठहर गरी मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम कसूरदार देखिँदा सर्वस्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

इति संवत् २०६९ साल असोज १८ गते रोज ५ शुभम् ।

२

**मा.न्या..श्री रामकुमारप्रसाद शाह, मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या..श्री कमलनारायण दास,** मुद्दा नं. ०६८-DF-००१४, अंश, *निर्मला रोका वि. बालकृष्ण रोका*

फिराद परिसकेपछि फैसला नहुँदै मुलुकी ऐनमा गरिएको संशोधनले छोरीलाई अंशियार कायम गरेको स्थितिलाई मुद्दा पर्दापर्दैको अवस्थामा एक अंशियारको जन्म भएसरह मान्नुपर्ने ।

सम्पत्ति प्राप्तिका विभिन्न कानूनी आधार र सिद्धान्त रहेकोमा अंशद्वारा सम्पत्ति प्राप्त गर्नु त्यस्तो कानूनी आधार हो जसको माध्यमद्वारा परिवारमा जन्मेको प्रत्येक व्यक्तिको सम्पत्ति प्राप्त गर्ने कानूनबमोजिम अधिकार सिर्जना हुन्छ । यसै कारणले अंशबण्डा गर्दा बाबु आमा, लोग्ने स्वास्नी, छोरा छोरीहरूको जीयजीयैको अंश गर्नुपर्ने कानूनी अवस्था रहेको देखिन्छ । मुलुकी ऐनमा एघारौं संशोधन हुनुपूर्व छोरीलाई अंशियारको रूपमा स्वीकार नगरिएकोमा संवैधानिक व्यवस्थाअनुरूप समानताको हक मुलुकका सबै नागरिकहरूलाई प्रत्याभूत गरिएअनुसार पैतृक सम्पत्तिमाथि छोरासरह छोरीको पनि समान हक हुने मान्यतालाई स्थापित गर्न मुलुकी ऐनमा उक्त संशोधन भएको देखिन्छ । संवैधानिक व्यवस्थाअनुरूप प्रचलित कानूनलाई परिमार्जन गर्नु तथा समाजको बदलिँदो मूल्य र मान्यतालाई कानूनी प्रणालीअन्तर्गत नियमित र व्यवस्थित गर्नु कानूनी राज्य र संवैधानिक सर्वोच्चताको लागि आवश्यक हुन्छ । यसबाट नै समाज र कानून एकअर्काको पूरकको रूपमा गतिशील हुँदै अगाडि बढ्ने स्थिति रहने ।

अंश जस्तो नैसर्गिक अधिकारको विषयमा वादीले दावी गरेको अवस्थामा कायम रहेको अंशियारको संख्या पछि फैसला हुँदाको अवस्थामा घटी वा बढी हुन गएमा प्रमाणको आधारमा अंशियारहरूको वास्तविक संख्याबमोजिम निर्णय दिनुपर्ने विशेष अवस्था हुन जान्छ । एउटा बाबुबाट जन्मेको सन्तानले वा कुनै अंशियारले तत्काल कायम रहेको अंशियारको संख्याको आधारमा अंश मुद्दा दिए पनि मुद्दा चल्दाचल्दै अर्को सन्तानको जायजन्म भई अंशियारको संख्या बढ्न जाने वा कुनै अंशियारको मृत्यु भई कुल अंशियारको संख्या घट्न गएको अवस्था देखियो भने फैसला हुँदाको अवस्थामा कायम रहेको कुल अंशियारको यकीन गरी सो कायम रहेको अंशियारबीच बण्डा गर्ने गरी फैसला गर्नुपर्ने ।

अंश मुद्दा चल्दाचल्दैको अवस्थामा कुनै अंशियार वा सम्पत्ति थपघट भयो भने सोहीअनुरूप सम्पत्ति बण्डा गर्ने हाम्रो न्यायिक परम्परा रही आएको छ । यस स्थितिमा कानूनले कुनै व्यक्तिलाई पैतृक सम्पत्तिमा अन्य अंशियारसरह अधिकार प्रदान गर्ने व्यवस्था गऱ्यो भने जुन दिनबाट कानूनले त्यस्तो व्यवस्था गर्दछ सोही दिनबाट नयाँ अंशियारको जन्म भएसरह मान्नुपर्ने हुन्छ । अदालतबाट अंशबण्डाको फैसला भैसकेपछि कार्यान्वयन गर्ने चरणमा समेत फैसला भएको सम्पत्तिमा घटबढ भएको देखिन आएमा अंशियार संख्या र बण्डा लाग्ने सम्पत्ति यकीन गरी कानूनको रीत पुऱ्याई अंशबण्डा गर्नुपर्ने ।

फैसला भैसकेपछि कार्यान्वयन नभएसम्मका चरणमा अंशियारहरूको संख्या थपघट भएमा पुनः मुद्दा गर्नु नपर्ने र सोही फैसला भैसकेको मिसिलबाटै अंशियारको वास्तविक संख्या यकीन गरी कार्यान्वयन गर्न सकिने कानूनी व्यवस्था रहेको अवस्थामा अंश मुद्दा परी त्यसको अन्तिम फैसला नहुँदैको अवस्थामा फिरादपत्रमा उल्लिखित अंशियार संख्यामा थपघट भएको स्थितिमा तत्काल कायम रहेको अंशियारहरूका बीच अंशबण्डा गर्नु प्रचलित कानून र न्यायको मान्य सिद्धान्त रही आएको छ । यदि अंशहक जस्तो नैसर्गिक हकका सम्बन्धमा प्रचलित कानूनको संकुचित व्याख्या गरी मुद्दा चल्दाचल्दैको अवस्थामा थपिएका अंशियारहरूले अंश नपाउने व्याख्या गर्ने हो भने छोरीले अंश पाउनुपर्ने भन्ने संशोधित कानूनको विपरीत हुन गई पक्षले न्याय पाउन सक्ने अवस्था नरहने ।

अंश मुद्दा चल्दाचल्दैको अवस्थामा मुलुकी ऐनमा एघारौं संशोधन भई छोरासरह छोरी पनि अंशियार भएको देखिएकोले वादीकी छोरी नेहा रोकाको प्राकृतिक जन्म पहिले नै भएको भए पनि कानूनबमोजिम अंशियारको रूपमा सोही संशोधित मिति अर्थात् २०५९।६।१० मा जन्म भएको मान्नुपर्ने हुन्छ । अंशबण्डाको १ नं. तथा जिल्ला अदालत नियमावली, २०५२ को नियम ७८ख(१) मा रहेको कानूनी व्यवस्थाअनुसार अंशबण्डा गर्दा तत्काल कायम रहेका अंशियाहरू बीच जीयजीयै अर्थात् प्रति व्यक्तिलाई सम्पत्ति बण्डा गर्नुपर्ने कुरामा विवाद रहन सक्तैन । यसरी प्रचलित कानूनले प्रष्टरूपमा उल्लेख गरेको विषयमा त्यसको अन्यथा अर्थ लाग्ने गरी व्याख्या गर्नु न्यायिक मान्यताविपरीत हुन जाने हुँदा मुलुकी ऐनमा भएको एघारौं संशोधनबमोजिम छोरीको अंश पाउने कानूनी व्यवस्थाबमोजिम अन्य अंशियारसरह अंशसमेत पाउने ।

इजलास अधिकृतः कृष्णमुरारी शिवाकोटी

इति संवत् २०६९ साल भदौ २१ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** रिट नं. ०६८-WO-११०२, उत्प्रेषणसमेत, *प्रो. चन्देश्वर शाह वि. जिल्ला वन कार्यालय, सर्लाहीसमेत*

अदालतमा विचाराधीन मुद्दाको विषयमा अदालतकै आदेशअनुरूप अघि बढेको प्रक्रियालाई अन्य निकायले अवरूद्ध पार्ने वा अन्यथा हुने गरी निर्णय गर्न मिल्दैन । तसर्थ, वन विभागको मिति २०६९।१।२२ को निर्णय जिल्ला अदालतको अनुमतिबिना क्रियाशील हुने अवस्था नरहेको र कुनै पनि निकायले आफ्नो क्षेत्राधिकार बाहिरको विषयमा प्रवेश गरी निर्णय गर्दैमा त्यस्तो निर्णयले कानूनी मान्यता पनि नपाउने ।

प्रस्तुत विवाद सर्लाही जिल्ला अदालतको विचाराधीन विषयसँग सम्बन्धित रहेको भन्ने कुरा निर्विवाद नै छ । उक्त अदालतमा विचाराधीन रहेको वन पैदावार हानि नोक्सानी मुद्दाका रोहमा जिल्ला वन कार्यालय, सर्लाहीले निकासा माग गरेअनुरूप नै जिल्ला अदालतबाट मिति २०६७।९।१९ मा आदेश भएको भन्ने तथ्य पनि स्थापित भएकै छ । जिल्ला वन कार्यालय सर्लाही, वन विभाग र वन तथा भू-संरक्षण मन्त्रालयबाट जिल्ला अदालतको उक्त आदेशअनुरूप कार्य नभएको भन्ने नै निवेदकको मुख्य जिकीर रहेको परिप्रेक्ष्यमा हेर्दा विशेषतः वन विभागको निर्णयमा सर्लाही जिल्ला अदालतसँग आदेश माग गर्ने भन्ने व्यहोरा परेको हुँदा त्यस

निर्णयले जिल्ला अदालतको कानूनबमोजिमको उपयुक्त आदेश जिज्ञासाको अपेक्षा गरेको देखिन आउँछ । जिल्ला अदालतको क्षेत्राधिकारभित्रका विषयमा जिल्ला अदालतबाटै निरूपण हुने र जिल्ला अदालत आफूसमक्ष विचाराधीन मुद्दाका सम्बन्धमा निर्णय गर्न सक्षम रहेको सन्दर्भमा विवादको विषय स्वाभाविक रूपमा सर्लाही जिल्ला अदालतको क्षेत्राधिकारभित्रको विषय रहेको र उक्त अदालतले गरेको मिति २०६७।९।१९ को आदेशअनुरूप भए नभएको भन्ने सम्बन्धमा पनि सोही अदालतबाटै निरूपण गरी काठ लिलामको प्रक्रिया यथाशीघ्र टुङ्गोमा पुऱ्याउनुपर्ने अवस्था रहेको देखिन आउँछ । तसर्थ, प्रस्तुत विषयमा यथाशीघ्र निर्णय गरी आफ्नो आदेशको कार्यान्वयन प्रभावकारी रूपमा गर्नु भनी सर्लाही जिल्ला अदालतको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः उमेश कोइराला

इति संवत् २०७० साल बैशाख २३ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री रामकुमार प्रसाद शाह,** रिट नं. ०६९-WH-००४०, बन्दीप्रत्यक्षीकरण, *विष्णुबहादुर कार्की वि. कारागार शाखा, डिल्लीबजार, काठमाडौंसमेत*

यी रिट निवेदक एउटा मुद्दा फैसला भई उक्त फैसलाअनुसार ठहर भएको कैद नबस्दै कारवाही चलिरहेको मुद्दाको रोहमा थुनाबाट छुटेको अवस्थामा अर्को कसूर गरेको देखिएको हुँदा दण्ड सजायको ४१ नं. को अन्तिम वाक्यांशअनुसार पटक-पटकको कसूरमा सो कसूरबापत कैद खापी कैद म्याद ठेकिएको र अर्कोतर्फ यी निवेदकलाई विभिन्न मुद्दाहरूमा कैदका अतिरिक्त जम्मा रू. ३,३९,०००।- जरीवाना लागेको देखिएको र फैसलाअनुसारको उक्त जरीवाना तिरे, बुझाएको पनि देखिँदैन । यसरी अदालतबाट लागेको जरीवाना नतिर्दै निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः ऋषिराम आचार्य

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल माघ १२ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६९-WH-००४१, बन्दीप्रत्यक्षीकरण, *राजाराम खत्री वि.कारागार कार्यालय, चौतारासमेत*

स्वतन्त्र रूपमा आरोपित कसूर वारदात नै कायम नगरी केवल कुटपीटको ६ नं. अनुसार २ वर्ष कैद हुने ठहर गरी त्रुटिपूर्ण फैसला गरेको अवस्थामा पनि ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम २ वर्ष कैद हुने ठहर भएको भनी कैदी पूर्जी दिएको देखिँदा यी रिट निवेदकलाई के कुन आधार र कारणबाट के कुन उद्देश्यको लागि हालसम्म थुनामा राखिएको हो भन्ने कुरासमेत शुरू अदालतको फैसलाको प्रतिलिपि तथा निज निवेदकलाई दिएको कैदी पूर्जीबाट स्पष्ट हुन सकेको देखिँदैन । यसरी कुनै आधार र कारण बिना कुनै पनि व्यक्तिलाई थुनामा राखी निजको वैयक्तिक स्वतन्त्रता उपभोग गर्न बञ्चित गर्ने कार्यलाई कानूनसम्मत् मान्न नमिल्ने । ज्यान मार्ने उद्योग मुद्दा पुनरावेदन अदालतमा विचाराधीन रही अन्तिम किनारा हुन बाँकी नै रहेको अवस्थामा ज्यान मार्ने उद्योग मुद्दालाई कुटपीटमा परिणत गरी २ वर्ष कैद गर्ने गरेको शुरू जिल्ला अदालतको फैसला एवं सोको आधारमा ज्यानसम्बन्धी महलको १५ नं. अनुरूप कैद ठेकिएको कार्य कानूनअनुरूप नभई त्रुटिपूर्ण देखिएको हुँदा उक्त मुद्दामा पुनरावेदनको रोहमा पुनरावेदन अदालतबाट फैसला हुँदा ठहरेबमोजिम हुने नै हुँदा हाल यी रिट निवेदक राजाराम खत्रीलाई अन्य कुनै व्यहोराले थुनामा राख्न नपर्ने भए प्रस्तुत मुद्दामा थुनाबाट मुक्त गरिदिनु भनी विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मञ्जिता ढुङ्गाना

इति संवत् २०६९ साल माघ २ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** रिट नं. ०६९-WO-०४३३, उत्प्रेषणयुक्त परमादेश, *इन्द्रिरा ढकाल गौतमसमेत वि. लोकसेवा आयोगसमेत*

लोकसेवा आयोगद्वारा निजामती सेवाको पदमा उपयुक्त उम्मेद्वार छनौट गर्ने प्रयोजनको

लागि सञ्चालन गरिएको परीक्षा मर्यादित, स्वच्छ र निष्पक्ष हुनुपर्छ भन्ने कुरामा कसैको विमति हुन सक्तैन । लोकसेवा आयोगको भूमिका मूलतः निष्पक्ष रूपमा योग्य र दक्ष कर्मचारीको छनौट गरी नियुक्तिको लागि सम्बन्धित निकायमा सिफारिश गर्नु हो । सो भूमिका निर्वाह गर्ने क्रममा आयोगबाट सञ्चालन गरिने परीक्षालाई व्यवस्थित र मर्यादित बनाउनको लागि विशेष मापदण्डको निर्धारण र निर्देशिकाको निर्माण गरी लागू भएको अवस्थामा सो निर्देशिकाको विपरीत हुने गरी निवेदिकाहरूका पति र पिता निवेदिकाहरू प्रतिस्पर्धी रहेको परीक्षाको प्रश्नको निर्माण तथा परिमार्जन र लिखित परीक्षाको उत्तर पुस्तिका परीक्षणमा संलग्न रहेको देखिएपछि सो परीक्षाको नतिजा यथावत् राख्दा उक्त परीक्षामा सम्मिलित अन्य परीक्षार्थीलगायत आमजनतामा सो परीक्षाको स्वेच्छाचारिताप्रति नै नकारात्मक भावना जागृत भै आयोगको निष्पक्षता र विश्वसनीयतामा आँच आउने अवस्थाको सिर्जना हुँदैन भन्न सकिँदैन । यस्तो अवस्थामा लोकसेवा आयोगबाट सञ्चालन हुने परीक्षालाई पारदर्शी र मर्यादित बनाई आयोगप्रतिको स्वच्छता, निष्पक्षता र विश्वसनीयता कायम राख्न निवेदिकाहरूको परीक्षा रद्द गर्ने गरी भएको लोकसेवा आयोगको उक्त निर्णयलाई अन्यथा भन्न सकिएन । निवेदन मागअनुसारको आदेश जारी हुने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः ऋषिराम आचार्य

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल माघ १७ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** ०६६-WO-०९२६, उत्प्रेषणयुक्त परमादेशसमेत, *रामलखन महतो कोइरी वि. रामभजन राय यादवसमेत*

अदालतबाट भएको फैसलाको सार्थकता भनेकै त्यसको कार्यान्वयन हुनु हो । अर्थात् मुद्दामा भएको फैसलाको कार्यान्वयन उक्त मुद्दाको औचित्यको लागि अनिवार्य र आवश्यक शर्त हो । मुद्दाको कार्यान्वयन गराई पाउने पक्षले नै कार्यान्वयन नगर्ने गरी म्याद नै गुजारी बसेमा वा उदासीनता देखाएमा बाहेक मुद्दा कार्यान्वयनको लागि अदालतमा निवेदन दिइसकेपछि घरसारमा मिलापत्र गरेको वा लेनदेन गरेको कुरासम्मलाई पनि हाम्रो कानूनी व्यवस्थाले स्वीकार नगरी अड्डाबाट नै ऐन फैसलाबमोजिम दिलाई भराई दिनुपर्ने ।

जबसम्म कानून वा कानूनी लिखतमा प्रत्यक्ष त्रुटि भएको कुरा पुष्टि हुँदैन, तबसम्म शाब्दिक व्याख्याको नियमानुसार नै त्यस्तो कानून वा कानूनी लिखतको व्याख्या गर्नुपर्छ । तर कानून वा कानूनी लिखतको शाब्दिक अर्थले न्यायको उद्देश्य पूरा गर्न नसक्ने अवस्था भएमा अदालतले कानून वा कुनै कानूनी दस्तावेजमा प्रयुक्त शब्दभित्रबाट नै व्याख्याद्वारा विधायिकी मनसाय वा त्यस्तो कानूनी लिखतको आशय पत्ता लगाउँदछ । यसले कानूनको शब्द भन्दा उद्देश्यमा बढी जोड दिएको पाइन्छ । यस्तो व्याख्यालाई नै व्याख्याको स्वर्णीम नियम भनिन्छ । न्यायको रोहमा कानूनका भावना र उद्देश्य समेट्ने गरी कानूनको सकारात्मक पक्ष, भावना र मर्मलाई भेट्टाउन कानून, फैसला वा आदेशलगायत कानूनी लिखतमा प्रयोग भएका शब्दहरूको समग्र पृष्ठभूमि, भावना र मर्मलाई समेत मनन गरी शाब्दिक व्याख्याभन्दा पर गई स्वर्णीम व्याख्या (Golden Rule of Interpretation) पनि गर्नुपर्ने ।

प्रस्तुत विवादमा एकातिर बिगोको कारवाही पूरा हुन सकेको देखिँदैन भने अर्कातिर मुलुकी ऐन दण्ड सजायको ५२ नं ले अदालतमा बिगोको कारवाही चलेको वा दर्खास्त दिएको अवस्थामा घरसारमा दिएको छु भन्ने जिकीर पुग्न सक्दैन भन्ने व्यवस्था गरी अड्डा अदालतमा चलेको कारवाहीलाई निस्तेज गरी घरसारमा व्यवहार मिलाउन नपाइने ।

मुद्दाको अवस्था र परिस्थिति हेरी मुद्दा कारवाहीको अन्तिम टुङ्गो नलागेको अवस्थामा त्यस्तो मुद्दा तामेलीमा राखे पनि आवश्यकता र परिस्थितिअनुसार उक्त तामेली जगाउन सक्ने अभ्यास र प्रचलन रहिआएको देखिन्छ । यस्तो अवस्थामा तामेली रहेको विवाद जगाउन नै नसकिने भन्ने देखिएन । अर्थात् मुद्दाको कारवाहीको अवस्था र परिस्थिति हेरी तामेली जगाउन सक्ने ।

प्रस्तुत विवादमा उल्लिखित बिगोसम्बन्धी कारवाहीको सिलसिलामा निवेदक रामभजन रायले तत्कालको असहज परिस्थिति देखाउँदै तत्काल बिगोको कारवाही मुलतवीमा राखिपाउँ, परिस्थितिअनुकूल भएपछि कारवाही चलाउनेछु भन्नेसमेत व्यहोरा उल्लेख गरी निवेदन दिएकोमा महोत्तरी जिल्ला अदालतका तहसीलदारबाट बिगोको कारवाही स्थगित गरिपाऊँ भनी वादीको निवेदन मागबमोजिम हाललाई प्रस्तुत मुद्दा तामेलीमा राखिदिएको छ भनी उक्त बिगोको कारवाही निवेदन मागअनुसार नै तामेलीमा राखिदिएको देखिँदा बिगोको कारवाही सम्पन्न हुन बाँकी नै रहेको अवस्थामा तत्कालीन असहज परिस्थितिको कारण देखाई पक्षले मुलतवी राखिपाऊँ भनी निवेदन दिएको अवस्थामा तहसीलदारबाट तामेली आदेश भएकै आधारमा मात्र उक्त तामेली शब्दको प्रयोग भएको एक मात्र कारणले बिगोको कारवाही सम्पन्न भएको भन्ने अर्थ गरी तामेली जगाउन नमिल्ने भन्ने अवस्थाको विद्यमानता देखिन नआउने ।

निवेदकको मागबमोजिम नै तामेलीमा राखेको अवस्थामा तत्कालीन असहज परिस्थितिमा परिवर्तन भएकोले तामेली जगाई बाँकी कारवाही सम्पन्न गरिपाऊँ भनी पुनः निवेदक वादीले दिएको निवेदनकै आधारमा उक्त बिगोको कारवाही तामेलीबाट जगाउने गरी तहसीलदारबाट मिति २०६४।८।१९ मा आदेश भएको देखिन आएको हुँदा उल्लिखित बिगोको कारवाही सम्पन्न भै नसकेको र उक्त बिगो कारवाहीको निवेदक रामभजन रायको निवेदनकै आधारमा तामेलीमा राखेको कारवाही पुनः निजकै निवेदनको आधारमा तामेलीबाट जगाई फैसला कार्यान्वयनको बाँकी कारवाही सम्पन्न गर्ने गरी तहसीलदारबाट आदेश भएको देखिँदा उक्त आदेश तथा सोलाई सदर गर्ने गरेको आदेशमा कुनै कानूनी त्रुटिको विद्यमानता देखिन नआउने हुँदा रामलखन महतो कोइरीको निवेदन मागबमोजिम आदेश जारी गर्न मिलेन । अतः प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६९ साल भदौ २८ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६७-WO-००३९, उत्प्रेषण परमादेशसमेत, *कपिलचन्द्र पोखरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

पृथ्वी राजमार्ग सम्पूर्ण नेपालीहरूको साझा सम्पत्ति अर्थात् सार्वजनिक सम्पत्ति हो भन्नेमा विवाद हुन सक्तैन । सम्पूर्ण नेपाली जनताले तिरेको कर तथा विदेशी दातृराष्ट्रले सम्पूर्ण नेपाली जनतालाई प्रदान गरेको सहयोगबाट निर्मित राजमार्गलाई कुनै पनि व्यक्ति विशेषले निजी फाइदाको लागि यसलाई भत्काउने वा नोक्सानी हुने गरी अधिक उपयोग गर्न पाइँदैन । व्यक्ति विशेषले आफ्नो फाइदाको लागि अत्यधिक भार बोकाई सामान  ओसारपसार गरेको कारण भत्किन गएको सडकको मर्मत अन्य सामान्य जनताले तिरेको करबाट गर्नु कुनै पनि हालतमा न्यायसंगत् हुन सक्तैन । यो एउटाले गरेको गल्तीको सजाय अर्कोलाई दिनु सरह हो । जुन कुरा बिल्कुलै विवेकसम्मत् हुन सक्तैन । तसर्थ, सडकको भारवहन क्षमता के कति रहेको हो, सोभन्दा बढी भार लिई यस्ता ट्रिपरहरूलगायतका सवारी साधनहरू सडकमा गुडिरहेका छन्, छैनन्, सोको कडाइका साथ अनुगमन र नियन्त्रण विपक्षी राज्यका निकायहरूबाट हुनै पर्दछ । यस सम्बन्धमा सडकको भारवहन क्षमताभन्दा बढी वजन लिई गुड्ने सवारी साधनलाई Polluter Pay को सिद्धान्तअनुरूप हदैसम्मको जरीवाना हुने मापदण्ड निर्धारण गरी त्यसलाई कडाइसाथ लागू गरिनु वाञ्छनीय देखिन आउने ।

पृथ्वी राजमार्गको मलेखु-नौबिसे खण्डको दायाँबायाँ सडक आसपासमा बालुवा उत्खनन् तथा प्रशोधन, गिट्टी र ढुङ्गा उद्योगहरू सञ्चालनमा रहेको भन्ने देखिएको, त्यस्ता उद्योगहरू सार्वजनिक पर्ति जग्गामा समेत सञ्चालनमा भई त्यस्ता उद्योगबाट सो क्षेत्रमा व्यापक मात्रामा सार्वजनिक प्राकृतिक स्रोतको वैयक्तिक रूपमा चरम दोहन हुनुका साथै वातावरण प्रदूषणसमेत भैरहेको भन्ने देखिएको, उल्लिखित राजमार्ग खण्डमा बालुवा, ढुङ्गा, गिट्टी, ढुवानी गर्ने सवारी साधनहरूले सुरक्षा कवचबिना

सामान ढुवानी गरेको कारण राजमार्गको वायु प्रदूषण भई स्वच्छ वातावरणमा यात्रा गर्न पाउने यात्रीहरूको मौलिक हकमा आघात पुग्नुका साथै त्यस्ता सवारी साधनहरूले अत्यधिक भार लिई सामान ढुवानी गरेको कारण राजमार्ग भत्किन गएको र यस्ता बढी भार लिई सामान ढुवानी गर्ने सवारी साधनले बढी भार बोकेको कारण बीच बाटोमा बिग्रिई मर्मत हुन लाग्ने समय अवधिमा दोहोरो सवारी आवागमन हुन नपाई एकोहोरो चल्नुपर्ने बाध्यता भई सवारी जाम हुनुका साथै यात्रीहरूको महत्त्वपूर्ण समय बर्बाद हुनुको अतिरिक्त समयतालिका बिग्रन जाँदा अपूरणीय क्षति भैरहेको समेत देखिएकोले विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाममा देहायबमोजिम गर्नू, गराउनू भनी परमादेशसहितको निर्देशनात्मक आदेश जारी हुने ठहर्छ:-

१. पृथ्वी राजमार्गको मलेखु-नौबिसे सडक खण्डको दायाँबायाँ सार्वजनिक पर्ति जग्गामा के कति बालुवा, गिट्टी, ढुङ्गा उद्योगहरू बिना इजाजत सञ्चालनमा रहेका छन् ? त्यसको अविलम्ब छानबीन गरी यकीन लगत लिई त्यस्ता उद्योगहरूलाई कानूनअनुरूप व्यवस्थापन गर्न लगाई सार्वजनिक स्रोत र साधनको संरक्षण गर्नू ।
२. पृथ्वी राजमार्गको मलेखु-नौबिसे सडक खण्डको आसपासमा सञ्चालित बालुवा प्रशोधन, गिट्टी, ढुङ्गा उद्योगहरूले सो क्षेत्रको मानव बस्ती तथा राजमार्गमा के कस्तो वातावरणीय असर पारेका छन्, त्यसको अनुगमन र छानबीन गरी राजमार्ग तथा मानव बस्ती वरपरको वातावरणमा असर पुऱ्याउने त्यस्ता उद्योगहरूलाई अविलम्ब राजमार्ग तथा मानव बस्तीदेखि टाढा सुरक्षित स्थानमा स्थानान्तरण गर्न लगाई वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियमावली, २०५४ मा भएको कानूनी व्यवस्थाअनुरूप प्रारम्भिक वातावरणीय परीक्षण (IEE) एवं वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) गर्न लगाएर मात्र उद्योग स्थापना र सञ्चालन गर्न दिनू ।
३. गुणअनुसार बोरामा प्याकिङ् गरी बालुवाको ढुवानी गर्दा Wastage ढुवानी गर्नु नपर्ने भई वातावरण धेरै नबिथोलिने, उपभोक्ताले गुणस्तरयुक्त बालुवाको मात्र मूल्य भुक्तानी गरे पुग्ने, Wastage छाडी बालुवा मात्र ढुवानी हुँदा ढुवानीका साधन धेरै चलाउनु नपर्ने भई सडकको संरक्षण हुने, अनावश्यक इन्धन खपत नहुने र राष्ट्रको साधन स्रोतसमेतको बचत हुने हुँदा बालुवाको ढुवानी गुणअनुसार सुरक्षित ढुवानी गराउन सम्भव छ, छैन सोको अध्ययन गरी सम्भव भएसम्म प्याकिङ् प्रणालीबाट ढुवानी गर्नू, गराउनू ।
४. पृथ्वी राजमार्ग हुँदै काठमाडौंसम्म सामान ढुवानी गर्ने सवारी साधनहरूले सडकको भारवहन क्षमताभन्दा बढी भार ओसारपसार गरेको छ, छैन त्यसको अनुगमन गर्ने विभिन्न स्थानमा चेक प्वाइन्टहरू राखी नियमित अनुगमन र नियन्त्रणको व्यवस्था मिलाउनू । सडकको भारवहन क्षमताभन्दा बढी लोड लिई सामान ओसारपसार गर्ने सवारी साधनलाई त्यस्तो बढी भार बोकेको कारण सडकमा पुग्न सक्ने क्षतिको आधारमा जरीवाना हुन सक्ने मापदण्ड र कानून बनाई Polluter Pay को सिद्धान्तअनुरूप जरीवाना हुनसक्ने प्रवन्ध मिलाउनू । बढी भार बोकेको कारण गाडी बिग्रिई बाटो अवरोध भई दोहोरो यातायात चल्न नसकी एकोहोरो चलाउनु पर्दा नागरिकलाई पर्ने हानिबाट बचाउन त्यस्तो बिग्रिएको सवारी साधन एक घण्टाभित्र गाडी मालिकको खर्चमा क्रेन लगाई बाटो खुलाउने समेतको आवश्यक व्यवस्था मिलाउनू ।

इजलास अधिकृत: रामप्रसाद शर्मा
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०६९ साल जेठ २४ गते रोज ४ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री कल्याण श्रेष्ठ,** ०६८-WO-०९४१, उत्प्रेषणयुक्त परमादेश, *गोपालकुमार अधिकारी वि. निजामती किताबखाना, हरिहरभवन, पुल्चोक ललितपुरसमेत*

निजामती सेवा ऐनको दफा २०क(२) बमोजिम बढुवा हुन अन्य व्यवस्थाको अतिरिक्त निजामती कर्मचारीको उमेर ५० वर्ष पुगिसकेको हुनुपर्ने भन्ने स्पष्ट व्यवस्था भएको र निवेदकको नागरिकताको प्रमाणपत्र एवं निजामती किताबखानाको अभिलेखसमेतबाट निजको उमेर ५० वर्ष पुग्ने नदेखिएकोले निजामती सेवा ऐनमा उल्लिखित शर्त पूरा गरी निवेदन दिएको बखत कानूनबमोजिम हुने नै हुँदा कानूनमा भएको व्यवस्थाविपरीत निवेदकलाई अवकाश पत्रअनुसार एक श्रेणीमाथिको सुविधा दिनु, दिलाउनु भनी अहिले नै आदेश प्रदान गर्न नमिल्ने ।

निवेदकको उमेर ५० वर्ष नपुगेका कारण कानूनमा भएको व्यवस्थाविपरीत निजले सुविधा नपाउने भएपछि निवेदक सेवाको निरन्तरताको लागि पशु सेवा विभागमा पुगेकोमा स्वीकृत भएको राजीनामा बदर गर्न नमिल्ने भन्ने आधारमा सेवामा निरन्तरता दिन नमिल्ने भनी उक्त कार्यालयबाट निर्णय भएको देखियो । निर्णय कार्यान्वयन भएमा मात्र त्यसले सार्थकता पाउँछ । नत्र त्यसको अर्थ हुँदैन । पशु सेवा विभागले एकैसाथ निवेदकको बढुवा गरी राजीनामासमेत स्वीकृत गरेको देखिन्छ । बढुवा गर्न निवेदकको उमेर नपुगेको कारण निजको बढुवा कार्यान्वयन हुन सकेको नदेखिँदा बढुवालाई छाडी राजीनामा मात्र कार्यान्वयन गर्छु भन्न कानूनतः मिल्दैन । बढुवा कायम नहुने, तर राजीनामा भने स्वीकृत हुने भनी आंशिक निर्णय कायम राख्न उचित र विवेकसम्मत् समेत नदेखिने ।

आफूले बढुवा पाउँछु भनेर नै निवेदकले राजीनामा दिएको देखिन्छ । तर, कानूनी व्यवस्थाको कारण अन्ततः बढुवा नहुने भएपछि निवेदक सेवाको निरन्तरताको लागि गएकोमा राजीनामा मात्र स्वीकार र कार्यान्वयन गर्छु भन्न मिल्दैन । पशु सेवा विभागले एउटै राजीनामाको पत्रमा उल्लिखित आफू प्रतिकूलको कुरा लागू नगर्ने तर आफू अनुकूलका कुरा मात्र पालन गर्ने, कार्यान्वयन गर्ने गरी राजीनामा बदर गर्न नमिल्ने भनी निर्णय गरेको देखिँदा निवेदकलाई सेवामा निरन्तरता दिन नमिल्ने गरी भएको पशु सेवा विभागको निर्णय कानूनसम्मत् नदेखिने ।

निवेदकले एक श्रेणीमाथिको पदमा बढुवा गरी राजीनामा स्वीकृत गरिपाऊँ भनी राजीनामा दिएको देखिएको, निवेदकको मागअनुसार नै निजको राजीनामा स्वीकृत भै अवकाश दिएको देखिएको, कानूनी व्यवस्थाअनुसार बढुवाको सुविधा आफूले नपाउने भएपछि सेवामा निरन्तरताको लागि निवेदकले निवेदन दिएको अवस्थामा उक्त निवेदनलाई स्वीकार गरी पूर्ववत् रूपमा निवेदकको सेवामा निरन्तरता दिनुपर्नेमा सो नगरी निजको राजीनामा मात्र कायम रहने गरी पशु सेवा विभागबाट मिति २०६९।१०।२ मा भएको निर्णय कानूनतः मिलेको नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब निवेदकको निवेदन मागअनुसार निजलाई बढुवा हुनुभन्दा अघिको साविक पदमा यथावत काम गर्न दिई सेवामा निरन्तरता दिनू, दिलाउनू भनी प्रत्यर्थी पशु सेवा विभागसमेतको नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृतः बासुदेव पौडेल
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६९ साल पुस २९ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६६-WO-०३४६, उत्प्रेषणयुक्त, परमादेश, *बलराम यादव वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकले दावी गरेको सप्तरी जिल्ला अदालतमा दायर रहेको २०६४ सालको स.फौ.पु.नं. १५५ को वादी नेपाल सरकार प्रतिवादी रामशंकर

यादवसमेत भएको कर्तव्य ज्यान मुद्दा सप्तरी जिल्ला अदालतबाट मिति २०६६।९।१३ को निर्णयबाट फिर्ता भैसकेको भन्ने कुरा उक्त मुद्दाको सक्कल मिसिलबाट देखिन्छ भने मुद्दा फिर्ता लिएउपर कुनै व्यक्तिको रिट निवेदन परेको भन्ने प्रस्तुत मिसिलबाट देखिन नआएकोले सो मुद्दा फिर्ता लिएको सम्बन्धमा रिट परेको भए उक्त रिट निवेदनबाट ठहरेबमोजिम हुने हुनाले सम्पन्न भैसकेको कामकारवाही र निर्णयलाई प्रतिषेधको माग लिई दर्ता हुन आएको प्रस्तुत रिट निवेदनबाट रोकिरहनुपर्ने अवस्था नदेखिँदा मागअनुसारको आदेश जारी हुन सक्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः ऋषिराम आचार्य

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल चैत १२ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६७-WO-११७९, प्रतिषेधसमेत, *बलराम यादव वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

सक्षम निकायबाट मुद्दाको रोहमा कुनै अभियुक्तलाई सजाय गर्ने ठहर गरी फैसला भएपछि उक्त फैसलाको कार्यान्वयनको चरणमा वा कार्यान्वयन हुनुअगावै सो मुद्दाको निर्णय हुँदाको अवस्था र हालको परिस्थितिमा आमूल परिवर्तन भएको कारणले वा अन्य कतिपय कारणले वा पहिले मुद्दाको निर्णय हुँदा वास्तविक तथ्य प्रमाणहरू पेश हुन नसकेको कारणबाट फरक निर्णय हुन गएको वा मुद्दा फैसला भएपछि नयाँ तथ्य पत्ता लागेको अवस्थामा निर्दोष व्यक्तिले सजाय नपाओस् भन्ने अभिप्रायले कानूनमा अदालत वा अन्य निकायबाट तोकिएको दण्ड सजाय माफी मुलतवीसम्बन्धी व्यवस्था राखिएको हुन्छ । त्यसैगरी कतिपय अपराधीले कारागारमा रहँदा आफ्नो चरित्रमा सुधार गरेको र समाजमा पुनस्थापना गर्दा भावी दिनमा निजबाट कुनै पनि आपराधिक कार्य हुँदैन भन्ने विश्वास गरी त्यस्ता कैदीहरूको भुक्तान गर्न बाँकी रहेको कैद मिनाहा दिनसक्ने व्यवस्था पनि गरिएको हुन्छ । अर्कोतर्फ यो अधिकारको दुरूपयोग गरी माफी मिनाहा भै दण्डहीनताको स्थिति उत्पन्न नहोस् भन्ने मनसायले यो अधिकार कार्यकारी राष्ट्र प्रमुख भएको मुलुकमा त्यस्ता राष्ट्र प्रमुखबाट र कार्यकारी राष्ट्र प्रमुख नभएको मुलुकमा मन्त्रिपरिषद्को सिफारिशमा राष्ट्र प्रमुखबाट मात्रै प्रयोग हुने गरी विशेषाधिकारको रूपमा रहेको पाइने ।

नेपालमा पनि यो व्यवस्थालाई आत्मसात् गरी मन्त्रिपरिषद्को सिफारिशमा राष्ट्रपतिद्वारा प्रयोग हुने गरी संविधानमा समावेश गरेको अवस्थामा अदालतबाट सो अधिकारमा बिनाआधार हस्तक्षेप गरी तोकिएको सजाय माफी मिनाहा दिन नसक्ने भन्न मिल्ने स्थिति नदेखिँदा मन्त्रिपरिषद्ले कुनै व्यक्तिलाई लागेको कैद माफी मिनाहा दिन सिफारिश गर्नसक्ने संविधान एवं कानूनबमोजिम प्राप्त अधिकारलाई मुनासिब माफिकको कारणबिना अदालतबाट बन्देज लगाउन नमिल्ने हुँदा मागअनुसारको आदेश जारी हुने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः ऋषिराम आचार्य

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल चैत १२ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री सुशीला कार्की,** २०६६-CR-०६६८, जवर्जस्ती करणी, *नेपाल सरकार वि. शरणकुमार पौडेल*

प्रमाणको भार पुऱ्याउने कानूनले नै दायित्व तोकेको पक्षले त्यसरी प्रमाण गुजार्न उदासीन भइदिँदा सोको फाइदा अर्को पक्ष अर्थात् आरोपित पक्षमा जान्छ । प्रतिवादी फरार रहेकै कारणले दोषी करार गर्ने आधार बन्ने र वादी पक्षबाट आफ्नो दावी प्रमाणित गर्न वस्तुनिष्ठ प्रमाण प्रस्तुत गर्न नपर्ने भनी अर्थ गरिनु फौजदारी न्यायको सिद्धान्तविपरीत हुन जाने ।

शारीरिक परीक्षणबाट प्रतिवादीले आरोपित कसूर गरेको भन्ने कुनै चिन्ह नभेटिएको अवस्थामा

जाहेरी र मौकाको कागजलाई मात्र आधार मानी अनुमानका आधारमा प्रतिवादीलाई कसूरदार ठहऱ्याई सजाय गर्न न्यायोचित् हुने नदेखिएबाट प्रतिवादी शरणकुमार पौडेलले जवर्जस्ती करणी गरेको कसूर गरेको भन्ने देखिन नआएको हुँदा निजलाई अभियोग माग दावीबाट सफाइ हुने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६९ साल पुस १ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६९-WH-००७९, बन्दीप्रत्यक्षीकरण, *इकबाल हकको हकमा अधिवक्ता नारायण श्रेष्ठ वि. महानगरीय प्रहरी अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षागार्ड कार्यालय, गौचर काठमाडौंसमेत*

अन्तर्राष्ट्रिय उडानबाट कुनै देशमा वा आफ्नै देशमा प्रवेश गर्ने प्रत्येक व्यक्तिले अध्यागमन प्रयोजनको लागि पासपोर्टमा नेपाल प्रवेश गरेको भनी छाप लगाउनुपर्ने तथा भन्सारको ग्रीन चैनल वा रेड चैनल पार गर्नुपर्ने हुन्छ । तर, ट्रान्जीट एरियामा रहँदा त्यस्तो कुनै औपचारिकता पूरा गर्न नपर्ने ।

प्रवेशाज्ञा र अध्यागमनको औपचारिकता आवश्यक नपर्ने ट्रान्जीट एरियामा मात्र रही अध्यागमन र भन्सारको रेड चैनल वा ग्रीन चैनलक्षेत्र पार नगरेको अवस्थामा अन्तर्राष्ट्रिय विमानस्थलको ट्रान्जीट एरियालाई भन्सार महसूल प्रयोजनको लागि नेपालको भूमि मानी निकासी पैठारी ऐनको कार्यक्षेत्र प्रारम्भ हुने नहुने तथा ट्रान्जीट एरियामा मात्र रही आफ्नो गन्तव्यतर्फ जान अर्को विमानको उडानको लागि चेकजाँच गर्दा फेला परेको सुनको सम्बन्धमा देश बाहिर सुन निकासी गर्न लागेको भनी निकासी पैठारी ऐन, २०१९ आकर्षित हुने नहुने तथा यी प्रतिवादीउपर प्रचलित कानूनबमोजिम प्रस्तुत मुद्दा चल्ने नचल्ने तथा सजाय हुने नहुने सम्बन्धमा समेत वा आदेश प्राप्त भएको मितिले ७ दिनभित्र कानूनबमोजिम निर्णय गर्नू भनी उल्लिखित सुन चोरी निकासी मुद्दा दायर रहेको त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचर काठमाडौंको नाममा यो आदेश जारी हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७० साल जेठ २९ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** ०६७-WO-०९४०, उत्प्रेषण, *रामबहादुर जैसवाल वि. कपिलवस्तु जिल्ला अदालत, तौलिहवा, कपिलवस्तुसमेत*

निवेदकले दिएको २०६७-WH-००६५ को बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा यी निवेदक रामबहादुर जैसवालका नाउँमा मिति २०४७।५।१४ मा तामेल भएको तामेली म्यादको रीत बेरीतका सम्बन्धमा विचार भई सो तामेली रीतपूर्वककै ठहऱ्याई मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने भनी यी निवेदकको उक्त रिट निवेदन खारेज हुने ठहरी फैसला भैसकेको देखिँदा सोही मिति २०४७।५।१४ को तामेली म्याद रीतपूर्वकको छ, छैन भनी सोही विषयमा पुनः विचार गरिरहन पर्ने अवस्था नहुने ।

अदालतको समान इजलासबाट कुनै म्यादको रीत बेरीत वा अन्य कुनै कारवाहीको वैधानिकता परीक्षण भई सो परीक्षणको आधारमा न्यायिक निर्णयसमेत भैसकेको अवस्थामा पुनः सोही विषयमा न्यायिक परीक्षण गर्न वा अन्यथा निर्णय गर्न न्यायिक अनुशासन र परम्पराप्रतिकूल हुने हुँदा निवेदकले बदर घोषित गर्न माग गरेको आफ्नो नाउँमा तामेल भएको जवर्जस्ती करणी मुद्दामा २०४७।५।१४ को म्यादको रीत बेरीतका सम्बन्धमा यी निवेदकले दिएको बन्दीप्रत्यक्षीकरणको रिट निवेदन सुनुवाइ हुँदा न्यायिक परीक्षण भई रीतपूर्वकको ठहर भैसकेको परिप्रेक्ष्यमा हाल उत्प्रेषणको रिटको रोहमा सोही तामेली म्यादको पुनः परीक्षण गर्न मिल्ने नदेखिएकोले मागबमोजिमको आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः वासुदेव पौडेल

इति संवत् २०६९ साल असोज २३ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** ०६८-CI-०३७०, बिक्री बदर, *घनश्याम महरा खत्री वि. नारायणी शर्मासमेत*

पुनरावेदक वादी नाबालक भएकोले निजको पालनपोषण, औषधोपचार र शिक्षादीक्षाको दायित्व प्रतिवादी नारायणी शर्मामा नै निहीत रहेको भन्ने विपक्षी नारायणी शर्माको जिकीरलाई नकार्न सकिँदैन । तथापि बिक्री भएको कि.नं. १५३० को जग्गामध्येबाट कित्ताकाट गरी कायम हुन आएको आधा जति कि.नं. २०९२ को जग्गा मधु रानाबाट नारायणी शर्माका नाउँमा फिर्तासमेत भैसकेको र शुरू जिल्ला अदालतको फैसलाबमोजिम नारायणी शर्माका नाउँमा फिर्ता हुन आएको करीब आधा कि.नं. २०९२ को जग्गा यी पुनरावेदकका नाममा कायम हुने भनी ठहर निर्णय भै पुनरावेदकको अंश हक जतिको करीब आधा जग्गा सुरक्षित नै भई पुनरावेदकको अंश हकमा आघात पुग्न गएको भनी भन्न नमिल्ने ।

कि.नं. १५३० को जग्गाको लिखत पूरै बदर नगरी सोमध्ये लोकराज शर्माको अंश हकको करीब आधा जति जग्गाको लिखत बदर भई नारायणी शर्माको नाममा फिर्ता हुन आएको कि.नं. २०९२ को जग्गा वादी लोकराज शर्माका नाउँमा दर्ता कायम हुने ।

इजलास अधिकृत: बासुदेव पौडेल
कम्प्युटर: मञ्जिता ढुंगाना
इति संवत् २०७० साल बैशाख २४ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०६८-CR-०३३२, जालसाज, *घनश्याम महरा खत्री वि. नारायणी शर्मासमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

८

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CR-००७७, कर्तव्य ज्यान, *धनमन्तीदेवी कुर्मीसमेत वि. नेपाल सरकार*

जाहेरवाला जीतेन्द्र कुमारले यी प्रतिवादीहरूसमेत भई मृतकलाई कुटपीट गरी मारी भागी गएका हुन् भनी मौकाको जाहेरी व्यहोरालाई समर्थन गरी अदालतमा बकपत्र गरेको, तथा मौकामा कागज गर्ने राजेश्वर कलवार, कुलदीप बानिया, प्रमानन्दप्रसाद कुर्मी, वीरेन्द्रप्रसाद कुर्मी र वस्तुस्थिति मुचुल्कामा बस्ने अंगद मुखियासमेतले यी प्रतिवादीले मृतकलाई कुटपीट गरेको भनी गरेको कागजलाई समर्थन गर्दै जीवन मुखियाले फराठाले र धनमन्तीदेवीले लाठाले पीटेको देखेको हुँ भनी अदालतमा बकपत्र गरेको छ । मौकामा व्यक्त गरी लेखाएको कुरालाई अदालतमा आई समर्थन गरी लेखाएमा प्रतिवादीको विरूद्ध प्रत्यक्ष प्रमाणमा लिने व्यवस्था प्रमाण ऐन, २०३१ मा रहेको छ । प्रमाण ऐन, २०३१ को दफा १०(१) मा "कुनै काम, घटना वा अवस्थाको सम्बन्धमा देहायका कुनै व्यक्तिले मौकामा वा त्यसको तत्काल अघि वा पछि व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छ" :

(क) "सो काम गर्ने वा सो काम, घटना वा अवस्था प्रत्यक्ष रूपमा देख्ने वा थाहा पाउने व्यक्ति" वा
(ख) "सो काम, घटना वा अवस्थाबाट पीडित भएको व्यक्ति" भन्ने कानूनी व्यवस्था रहेको र

त्यस्तै दफा १८ मा "कुनै काम घटना वा अवस्थाका सम्बन्धमा भएको तहकीकात वा जाँचबुझको सिलसिलामा प्रचलित कानूनबमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भै बयान गरेमा प्रमाणमा लिन हुन्छ" भन्ने व्यवस्था भएको देखिन्छ ।

सो कानूनी व्यवस्थाअनुसार प्रस्तुत मुद्दाको घटना प्रत्यक्ष रूपमा देख्ने व्यक्तिहरू जाहेरवाला जीतेन्द्रकुमार तथा वस्तुस्थिति मुचुल्काका व्यक्तिसमेतले यी प्रतिवादीको कुटपीटबाट मृतकको मृत्यु भएको कुरा मौकामा व्यक्त गरी सो कुरा साक्षीको रूपमा उपस्थित भई अदालतमा बकपत्रसमेत गरेको हुँदा प्रत्यक्षदर्शीको उक्त

भनाइलाई उपरोक्त कानूनी व्यवस्थाअनुसार प्रमाणयोग्य मान्नुपर्ने ।

प्रतिवादीहरूमध्ये धनमन्तीदेवीले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा समेत घटनास्थलमा गएकोसम्म तथ्यलाई स्वीकार गरी र प्रतिवादी जीवन मुखिया बिनले घटनास्थलमा गएको कुरालाई समेत अस्वीकार गरी कसूर गरेमा इन्कार रही बयान गरेको देखिन्छ । तर, सो इन्कारी बयान कुनै प्रत्यक्ष एवं स्वतन्त्ररूपमा पुष्टि हुन सकेको पाइँदैन । ज्यान जस्तो गम्भीर अपराधमा वादी दावी प्रत्यक्षदर्शी व्यक्तिहरूको कथनलगायतका प्रत्यक्ष प्रमाणबाट समर्थित एवं पुष्टि भैरहेको अवस्थामा पुनरावेदक प्रतिवादीको प्रमाणबिनाको इन्कारी बयानलाई मात्र आधार लिई त्यस्तो इन्कारीलाई अन्य प्रमाणबाट समर्थित एवं पुष्टि नभएसम्म निजहरूलाई निर्दोष मान्न नमिल्ने हुँदा पुनरावेदक प्रतिवादीहरू धनमन्तीदेवी कुर्मी र जीवन मुखिया बिन घटनामा संलग्न रहेको भनी प्रत्यक्षदर्शीहरूले व्यक्त गरेको देखिँदा निजहरूउपरको अभियोग प्रत्यक्ष एवं स्वतन्त्र प्रमाणहरूबाट समर्थित भैरहेकोले निजहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. को कसूरमा सोही नं. बमोजिम जन्मकैद हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६९ साल असोज १७ गते रोज ४ शुभम् ।

९

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CR-०१८१, कर्तव्य ज्यान, *श्यामबाबु महतो वि. नेपाल सरकार*

घटनाको प्रत्यक्षदर्शी जाहेरवाली रूपवन्तीदेवी तथा मौकामा कागज गर्ने व्यक्तिहरूले यी प्रतिवादीउपर पोल गरी लेखाई सो कुरा साक्षीको रूपमा अदालतमा उपस्थित भई बकपत्रसमेत गरेको हुँदा निजहरूको उक्त कथनलाई उपरोक्त कानूनी व्यवस्थाअनुसार प्रमाणयोग्य मान्नुपर्ने हुन आयो । अर्कोतर्फ प्रतिवादीले अदालतमा बयान गर्दा मृतकलाई छुरी प्रहार गरेमा इन्कार रहे पनि सो कुरालाई निजले कुनै वस्तुनिष्ठ, प्रत्यक्ष एवं विवादरहित प्रमाणबाट समर्थन एवं पुष्टि गर्न सकेको पाइँदैन । सोको अलावा प्रतिवादीले लगाएको पैन्ट सर्टमा रगत लागेको तथ्य घटनाको तत्कालपछि निजबाट बरामद भएको मिसिल संलग्न बरामदी मुचुल्का एवं प्रहरी निरीक्षक शिशु शर्माको प्रतिवेदनबाट देखिएको छ । सो तथ्यले निजको प्रहरीमा साविती कथन र अभियोग दावीलाई वस्तुनिष्ठ रूपमा स्थापित एवं समर्थन गर्दछ । ज्यान जस्तो संगीन अपराधमा निज प्रतिवादी पुनरावेदकउपरको अभियोग दावी प्रत्यक्षदर्शीको कथन, शव परीक्षण प्रतिवेदन एवं निजले लगाएको लुगामा रगत लागेको जस्तो प्रत्यक्ष एवं स्वतन्त्र प्रमाणबाट पुष्टि एवं प्रमाणित भएको अवस्थामा अदालतमा निज पुनरावेदकको इन्कारी बयान मात्रको आधारमा यी प्रतिवादीलाई निर्दोष मान्न नमिल्ने ।

प्रतिवादीको मौकाको बयान कागज र अदालतमा भएको बयान, जाहेरवालीको किटानी जाहेरी एवं अदालतमा निजले गरेको बकपत्र, प्रत्यक्षदर्शीले घटनाको तत्कालपछि गरेको कागज र अदालतमा सोलाई समर्थन गरी भएको बकपत्र, प्रतिवादीको लुगामा रगत लागेको बरामदी मुचुल्का, घटनास्थल लासजाँच मुचुल्का, लास जाँच प्रतिवेदनलगायतका विवादरहित ठोस एवं प्रत्यक्ष आधार, कारण र प्रमाणहरूबाट यी प्रतिवादीले मृतकलाई धारिलो हतियार छुरी प्रहार गरेको र सोही चोट प्रहारको कारण मृतकको मृत्यु भएको तथ्य पुष्टि एवं प्रमाणित हुन आएकोले प्रतिवादी श्यामबाबु महतोले अभियोग माग दावीबमोजिम कसूर गरेको देखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः कल्पना बर्तौला
इति संवत् २०६९ साल असोज १७ गते रोज ४ शुभम् ।

१०

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CR-०३५१, कर्तव्य ज्यान, *सुरतबहादुर पाल वि. नेपाल सरकार*

कुनै कसूरको अभियोग लागेको व्यक्तिले आफ्नो स्वेच्छाले व्यक्त गरेको कुरा तथा यस अदालतमा कसूरजन्य कार्य आफूले गरेको हुँ भनी स्वीकार गरी व्यक्त गरेको कुरा प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम निजको विरूद्ध प्रमाणमा लिनुपर्ने हुन्छ । सोको अतिरिक्त मौकामा कागज गर्ने जानकीदेवी पाल, वस्तुस्थिति मुचुल्कामा कागज गर्ने कालु लुहार, नाउटे लुहार, पदमे सार्कीसमेतले यी प्रतिवादीले आफ्ना बाबुलाई फलामको दाउले प्रहार गरी मारेका हुन् भनी मौकामा लेखाएको कुरालाई अदालतमा समर्थन गरी बकपत्र पनि गरेको छ । जाहेरवाला देवबहादुर पालले यी प्रतिवादीले बाबुलाई फलामको दाउले प्रहार गरी मारेका हुन् भनी अदालतमा समेत बकपत्र गरेको छ । प्रमाण ऐन, २०३१ मा कुनै काम वा घटनाका सम्बन्धमा कसैले मौकामा व्यक्त गरेको कुरा अदालतमा आई समर्थन गरी साक्षीसरह बयान गरेको कुरा प्रमाणयोग्य हुने ।

आवेशप्रेरित हत्या हुन ज्यान मार्ने मनसाय नरहेको, तत्काल उठेको रिस थाम्न नसकी विष नखुवाएको र जोखिमी हतियारको प्रयोग नगरेको तथा लात, मुक्का र साधारण लाठा, ढुंगाको प्रयोग गरी मानिसको मृत्यु भएको अवस्था हुनुपर्ने हुन्छ । तर, प्रस्तुत मुद्दामा मृतकले आफूलाई कुटपीट गरेकोले रिस उठेको भनी जिकीर लिए पनि निज प्रतिवादीले लात, मुक्का वा साधारण लाठा ढुंगाले प्रहार गरेको नभई दाउ जस्तो जोखिमी धारिलो हतियारले मृतकलाई पटक-पटक शरीरको विभिन्न भागमा प्रहार गरेको र त्यस्तो जोखिमी हतियारको प्रहारको कारण मृतकको मृत्यु भएको देखिँदा त्यस्तो कार्यलाई ज्यानसम्बन्धी महलको १४ नं. अन्तर्गतको कसूर भनी भन्न मिल्ने देखिएन । तत्काल उठेको रिस थाम्न नसकी जोखिमी हतियार प्रयोग गरी मानिस मरेको देखिएमा उक्त १४ नं. को अवस्थाको अन्त्य हुनजाने हुन्छ र यस्तो अवस्थामा ज्यानसम्बन्धीको १४ नं. आकर्षित हुने अवस्था नदेखिँदा ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसूर हुने ।

मृतक र प्रतिवादी बाबु छोरा भएका, बाबुले खुकुरीले प्रहार गर्न खोज्दा त्यसबाट बच्न प्रतिवादीले दाउले प्रहार गरको भन्ने देखिएको, मार्नुपर्नेसम्मको पूर्वयोजना, रिसइवी नदेखिएको, घटनापश्चात् प्रहरीलाई सूचना गरेको तथा घटनाको अवस्था र परिस्थितिलाई विचार गर्दा आफूलाई मृतक बाबुले रक्सी सेवन गरी कुटपीट गरेको, घाँटीमा अँठ्याई खुकुरीले प्रहार गर्न खोजेको अवस्थामा रिस उठी दाउ प्रहार गर्न परेको समेत अवस्था हुँदा ऐनबमोजिम सजाय गर्दा चर्को पर्न जाने देखिएकोले निज प्रतिवादीलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० (दश) वर्ष मात्र सजाय गर्दा पनि दण्ड सजायको उद्देश्य पूरा हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः कल्पना बर्तौला
इति संवत् २०६९ साल असोज १७ गते रोज ४ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६५-CR-०५३९, जीऊ मास्ने बेच्ने, *नेपाल सरकार वि. मधु यादव परियार*

प्रतिवादीले भारतमा लगी ३।३ जना कलिलो उमेरका केटीहरूलाई जम्मा गर्नुपर्ने कुनै विश्वसनीय आधार कारण प्रस्तुत गर्न सकेको देखिँदैन । प्रतिवादीको भारत लखनउमा आफ्नो कुनै उद्योग कलकारखाना तथा रोजगार उपलब्ध गराउने कुनै संघ संस्था भएको मिसिलबाट नदेखिएको र निजले त्यस्तो कुनै जिकीरसमेत नलिएको अवस्थामा २०।२२ वर्षका जाहेरवालीहरूलाई मात्र काम लगाउन लैजानुपर्ने के कस्तो उद्देश्य तथा परोपकारी कार्य गर्नुपर्ने अवस्था थियो भन्ने खुलाउन नसकेको अवस्थामा निजको कार्य सफा नियतवश भएको

देखिन आएन । हाम्रो कानूनले वेश्यावृत्तिमा लगाउने कार्यलाई अति नै निन्दनीय मानवता विरोधी कार्यको रूपमा स्वीकारी कडा सजायको समेत व्यवस्था गरेको छ । यस्ता मुद्दामा पीडितलाई महत्त्वपूर्ण प्रमाणको रूपमा स्वीकारी निजको मौकाको बयानलाई न्यायाधीशबाट प्रमाणित भएपछि गम्भीर प्रमाण मानिएको छ । यस अवस्थामा प्रमाणको भार वादी पक्षबाट प्रतिवादीमा सारेर आफ्नो निर्दोषिता प्रमाणित गर्न नसके कसूरदार मानिने गरी कठोर उत्तरदायित्वको सिद्धान्तलाई आत्मसात् गरिएको पाइने ।

जीऊ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ७(१) मा कुनै स्वास्नी मानिसलाई निजको अभिभावक वा नजिकको नातेदार बाहेक अन्य कसैले विदेश लैजान लागेकोमा बेचबिखन गर्ने वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले लगेको हो भन्ने दफा ५ बमोजिम कसैको उजूर परेमा त्यस्तो उद्देश्यले लगेको होइन भन्ने कुराको प्रमाण अभियुक्तले पुऱ्याउनु पर्नेछ भन्ने व्यवस्था गरेको देखिन्छ भने उपदफा (२) मा दफा ६ को उपदफा (२) बमोजिम अदालतद्वारा प्रमाणित बयानमा उल्लिखित कुरा झूट्ठा हो भन्ने प्रमाण अभियुक्तले पुऱ्याउनु पर्नेछ भन्ने व्यवस्था गरेको देखिन्छ । प्रस्तुत मुद्दामा प्रतिवादीले पीडित जाहेरवालीलाई विदेश लिएर गएको कुरामा कुनै विवाद छैन । मात्र बेश्यावृत्ति गर्न नभै काम लगाउन लगेको भन्ने जिकीर लिएको देखिने ।

पीडित जाहेरवालीले आफूलाई प्रतिवादीसमेतले वेश्यावृत्तिमा लगाएको भनी किटानी जाहेरी दिई बयान प्रमाणित गराई बकपत्रसमेत गरेको अवस्थामा प्रतिवादी कसूरमा इन्कारी रहे पनि आफ्नो सो इन्कारी बयान पुष्टि हुने वस्तुनिष्ठ प्रमाण पेश गर्न नसकेको र जीऊ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ६(२) बमोजिम मौकामा प्रमाणित भएको बयानलाई दफा ७ बमोजिम खण्डन गर्न नसकेको अवस्थामा उनले अभियोग दावीबमोजिम कसूर गरेको मान्नु नै पर्ने देखिन आयो । अपराधसँग सम्बन्धित ऐनको आधारमा गरेको अभियोजन र पीडितको बकपत्रसमेतको आधारमा कसूर सिद्ध भैरहेकोमा पनि मिसिलभन्दा बाहिरको तर्क कुतर्क गरी तथ्यको अनदेखा गर्न कुनै पनि मुद्दामा कसैले पनि खोज्न हुँदैन । त्यसमा पनि मानव बेचबिखन जस्तो पेचिलो र संवेदनशील मुद्दामा छिद्रान्वेषण गरी तथ्यलाई तर्कले प्रतिस्थापन गर्न खोज्नु झनै आपत्तिपूर्ण हुन्छ । यस्तो कुरामा न्यायकर्ता बहुतै गम्भीर र सचेत रहनुपर्ने ।

अतः प्रतिवादी मधु यादव परियारलाई जीऊ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४(ग) को कसूर अपराधमा ऐ. ऐनको दफा ८(३) अनुसार १० (दश) वर्ष कैद सजाय हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६९ साल पुस ३ गते रोज ३ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:-

- ०६५-CR-०५४०, जीऊ मास्ने बेच्ने, *नेपाल सरकार वि. मधु यादव परियार*
- ०६५-CR-०६०५, जीऊ मास्ने बेच्ने, *नेपाल सरकार वि. मधु यादव परियार*

## इजलास नं. ४

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-CI-११८४, दर्ता नामसारी, *दिकेश महर्जन वि. गोपालबहादुर रघुवंशीसमेत*

मालपोत कार्यालयको निर्णयअनुसार प्रस्तुत मुद्दाका दुबै पक्षहरू मालपोत कार्यालय, ललितपुरको २०६४।२।१७ को निर्णयलाई स्वीकार गरी हकबेहकतर्फ ललितपुर जिल्ला अदालतमा फिराद लिई गएकोमा सो मुद्दाहरू हाल ललितपुर जिल्ला अदालतमा विचाराधीन रहेको भन्ने वादीको निवेदन तथा प्रतिवादीको लिखित प्रतिवादसमेतबाट देखिइरहेको छ । जिल्ला अदालतमा विचाराधीन मुद्दामा प्रत्यक्ष असर पर्ने गरी पुनरावेदन तहबाट

निर्णय गर्न कानूनतः नमिल्ने हुन्छ । उक्त निर्णयअनुसार हकबेहकमा पनि नालिस गर्ने र सोही निर्णयउपर पुनरावेदनसमेत परेको पाइन्छ । जिल्ला अदालतले दुबै पक्षका प्रमाणहरूको मूल्याङ्कन गरी कुन पक्षको फिराद दावी पुग्ने हो भन्ने कुराको ठहर गर्नसक्ने नै हुन्छ । मालपोत कार्यालयकै निर्णयानुसार जिल्ला अदालतमा दुबै पक्षको वा आफ्नो फिराद दावी दायर गरी मुद्दा चलिरहेको अवस्थामा यस अदालतबाट केही बोलिदिँदा मुद्दाको कारवाही तथा निर्णय प्रभावित हुनसक्ने भएबाट शुरू अदालतलाई नै कानूनबमोजिम निर्णय गर्न दिन मनासिब हुने ।

इजलास अधिकृतः ईश्वर पराजुली

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल जेठ २ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६९-WO-०१५९, उत्प्रेषण परमादेश, *विष्णुप्रसाद सापकोटासमेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत*

कानूनमा व्यवस्था भएबमोजिम शैक्षिक योग्यता, तालीम र अनुभवको आधारमा र प्रभावकारी रूपले गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने कर्मचारीहरूलाई रिक्त पदको ५० प्रतिशत स्थानमा मात्र पदस्थापन गरिने भन्ने लिखित जवाफसमेतबाट देखिइरहेको अवस्थामा र पदस्थापन गर्ने कार्यलाई पारदर्शी एवं वस्तुनिष्ठ तवरबाट व्यवस्थित गर्ने उद्देश्यका साथ मिति २०६९।२।२८ मा मन्त्रिस्तरीय निर्णयबाट पाँचौं तहको पदमा पदस्थापनसम्बन्धी कार्यविधि, २०६९ निर्माण गरेको भन्ने कुरालाई निवेदकले अन्यथा भन्न सकेको पाइएन । अतः कानूनद्वारा अधिकार प्राप्त निकायले कानूनबमोजिम निर्माण गरेको कार्यविधिबाट निवेदकको संविधानप्रदत्त मौलिक हक कुण्ठित भएको मान्न मिल्ने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः ईश्वर पराजुली

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल बैशाख २९ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-WO-११०६, उत्प्रेषण परमादेशसमेत, *मनिषकुमार दास वि. उद्योग मन्त्रालय, सिंहदरबारसमेत*

कहाँ के कुन कार्यालयमा के कस्तो व्यक्तिलाई पदस्थापन गर्ने भन्ने कुरा नितान्त प्रशासनिक प्रकृतिको हुने भएकोले त्यस्तो विषयवस्तुले निवेदकको मौलिक हक नै कुण्ठित भएको भन्ने आधार र कारण निवेदकले खुलाउन सकेको नदेखिँदा कानूनबमोजिम अधिकारप्राप्त निकाय/व्यक्तिले कानूनद्वारा तोकिएको समयभित्र गरेको पदस्थापनलाई अन्यथा भन्न नमिल्ने हुँदा सतही रूपमा लिएको निवेदन दावीले संविधानप्रदत्त मौलिक हकमा प्रत्यक्ष असर पुऱ्याएको भन्ने कुरा तथ्यपरक ढङ्गबाट पुष्टि हुन सकेको नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः ईश्वर पराजुली

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल बैशाख २९ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CI-०६७२, लेनदेन, *चन्द्रकान्तीदेवी ज्ञवाली वि. रामप्रसाद भट्टराई*

मिसिलमा कुनै लिखत संलग्न हुन्छ भने प्रथम दृष्टिमा त्यसलाई सोहीरूपमा ग्रहण गर्नुपर्ने हुन्छ । सो लिखतबाट प्रतिकूल असर पर्ने व्यक्तिले सो लिखतको सत्यतालाई इन्कार गरी चुनौती दिन सक्दछ । त्यसरी चुनौती दिइएको अवस्थामा प्रमाणको भार निजमै रहन्छ । अदालत सबूद प्रमाणद्वारा सन्तुष्ट नभएसम्म लिखत गर्न पाउने व्यक्तिले गरेको लिखतलाई अन्यथा सम्झन पर्ने अवस्था पर्दैन । यी पुनरावेदिकाको अहित गर्न मीरप्रसाद उद्यत हुनुपर्ने भरपर्दो कारण र अवस्था प्रतिवादी पक्षबाट प्रस्तुत हुन नसकेको हुँदा लिखतमा ब्याज उल्लेख नभएकोले लिखतमा

उल्लिखित साँवा रू. १,३१,०००।- मात्र भराई लिन पाउने ।

इजलास अधिकृतः ईश्वर पराजुली
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०७० साल जेठ २ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६५-WO-०३०२, उत्प्रेषण परमादेशसमेत, *लालबहादुर चौधरी वि. पराक्रमराज भण्डारीसमेत*

निवेदकउपरको मुख्य आरोप नै चेक कीर्ते भन्ने देखिएको अवस्थामा उक्त चेकमा भएको दस्तखत विशेषज्ञबाट भिडाई कीर्ते हो होइन यकीन गर्ने प्रयास भएको पाइएन । साथै चेकमा भएको अक्षर तथा चेकको रकम बुझेको भनिएका व्यक्तिलाई उपस्थित गराई सो सम्बन्धमा आवश्यक छानबीनलगायतका कार्यहरू भए गरेको मिसिल संलग्न कागजातहरूबाट नदेखिएको, उक्त दस्तखत सहे कीर्तेतर्फ अनुसन्धान एवं जाँचबुझ गर्ने एवं सशस्त्र प्रहरी नियमावली, २०६० को नियम ९२ को उपनियम (१) को देहाय (क) र (ख) को प्रक्रिया पूरा भएको समेत देखिएन । निवेदकलाई कीर्ते गरेको भन्ने आरोप भएपछि कारवाही गर्न सोतर्फ अनुसन्धान वा जाँचबुझ पनि हुनुपर्छ अन्यथा आरोपको भरमा मात्र कारवाही गर्न कदापि मिल्ने होइन । मिति २०६४।११।२१ म भएको निर्णय तथा सोउपर पुनरावेदन परी सशस्त्र प्रहरी नायब महानिरीक्षकबाट मिति २०६५।६।२ मा भएको निर्णय उल्लिखित नियम ९२ को उपनियम (१) समेतको त्रुटि देखिँदा बदर गरिदिएको छ । अब चेकमा भएको हस्ताक्षर विशेषज्ञबाट जाँच गराई चेक बुझ्ने भनिएको व्यक्तिलाई बुझ्नेलगायत जो जे बुझ्नुपर्ने हो बुझी पुनः निर्णय गर्नु भनी विपक्षीहरूको नाममा यो आदेश जारी हुने ।

इजलास अधिकृतः ईश्वर पराजुली
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०७० साल बैशाख ३० गते रोज २ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-WO-१०८०, उत्प्रेषण, परमादेश, प्रतिषेध, *पेशागत महासंघ नेपाल र आफ्नो तर्फसमेतबाट शिवकुमार अधिकारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदक पेशागत महासंघले निवेदन जिकीर लिँदा अन्तर्राष्ट्रिय श्रम संगठनले मे ३०, २०१२ देखि जेनेभामा सञ्चालन हुने अन्तर्राष्ट्रिय श्रम सम्मेलनमा प्रतिनिधित्व गर्न पाउनुपर्ने भन्ने दावी लिएको देखिएकोमा अन्तर्राष्ट्रिय श्रम संगठनले यस वर्ष आयोजना गरेको अन्तर्राष्ट्रिय श्रम सम्मेलन नै सम्पन्न भैसकेको भन्ने लिखित जवाफबाट देखिँदा निवेदकले प्रतिनिधित्व हुन पाउनुपर्ने भन्ने विषयवस्तु काम सम्पन्न नै भैसकेको हुनाले असान्दर्भिक देखिँदा सो माग दावीको सम्बन्धमा केही बोलिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

ट्रेड यूनियनको तर्फबाट प्रतिनिधित्व गराउने सन्दर्भमा भएको कानूनी अवस्था हेर्दा "नेपाल सरकारले ट्रेड यूनियनको तर्फबाट प्रतिनिधि मनोनयन गर्दा वा ट्रेड यूनियनबाट प्रतिनिधित्व गराउँदा विषयवस्तुसँग सम्बन्धित ट्रेड यूनियनहरू एकभन्दा बढी भएमा त्यस्तो ट्रेड यूनियनबाट समानुपातिक रूपमा वा आलोपालो गरी मनोनयन वा प्रतिनिधित्व गराउने छ" भन्ने ट्रेड यूनियन ऐन, २०४९ को दफा २६(क) मा उल्लेख भएको प्रावधानअनुसार नेपाल सरकारले ट्रेड यूनियनको तर्फबाट प्रतिनिधित्व गराउँदा विषयवस्तुसँग सम्बन्धित ट्रेड यूनियन एकभन्दा बढी भएमा त्यस्तो ट्रेड यूनियनबाट समानुपातिक रूपमा वा आलोपालो गरी प्रतिनिधित्व गराउनु पर्ने ।

ट्रेड यूनियनको तर्फबाट प्रतिनिधित्व गराउने सम्बन्धमा कुनै निश्चित् मापदण्ड भएको भन्ने जिकीर नलिई केवल श्रमिकको तर्फबाट एकजनाले प्रतिनिधित्व गर्ने प्रचलन रही आएको भन्ने विपक्षीको

लिखित जवाफ देखिँदा सो सम्बन्धमा निश्चित् पद्धतिको निर्माण गर्न आवश्यक नै देखिँदा ट्रेड यूनियनको तर्फबाट प्रतिनिधि मनोनयन गर्दा वा ट्रेड यूनियनबाट प्रतिनिधित्व गराउँदा ट्रेड यूनियनबाट समानुपातिक रूपमा आलोपालो गरी प्रतिनिधित्व गराउने सन्दर्भमा निश्चित् मापदण्ड तयार गरी प्रतिनिधित्व गराउने व्यवस्था गर्नू भनी विपक्षीहरू प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र श्रम तथा यातायात व्यवस्था मन्त्रालयको नाममा निर्देशात्मक आदेश जारी हुने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्नाम
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०७० साल बैशाख १९ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CI-०३३२, मानाचामल भराईपाऊँ, *श्यामबहादुर श्रेष्ठ वि. हिसिला कायस्थ*

आफूले विवाह गरी ल्याइएकी पत्नीलाई आफ्नो इज्जत आमदअनुसार खान लाउन दिनुपर्ने कानूनी दायित्व त्यसरी विवाह गरी ल्याउने लोग्ने मानिसको हो । यसरी त्यो दायित्व बहन नगरेमा लोग्नेको आर्थिक हैसियतका आधारमा त्यस्ता पीडित महिलाले खान लाउनका लागि मानाचामल माग गर्न सक्दछन् । यस्ता दायित्व परिपालना गर्नुपर्ने गरी कानूनले नै निर्दिष्ट गरेको हुँदा प्रतिवादीले उक्त दायित्वबाट उन्मुक्ति पाउन नसक्ने ।

प्रतिवादीले वादीलाई खान लाउन नदिएको, मानसिक र शारीरिक यातना दिई वादी बिरामी हुँदासमेत उचित स्वास्थ्य उपचार प्रदान नगरेको कारण वादी माइतीघरमा बसी आएको अवस्थालाई प्रतिवादीले इन्कार गर्न सकेको अवस्थासमेत छैन । त्यसकारण वादी हिसिला कायस्थले पुनरावेदक प्रतिवादी श्यामबहादुर श्रेष्ठबाट प्रतिवादीको आर्थिक, हैसियतका आधारमा मानाचामल भराई लिन पाउने हुँदा प्रतिवादी श्यामबहादुर श्रेष्ठको मासिक आम्दानी रू. ५७९१।६० बाहेक अन्य आम्दानीको स्रोत तथा अचल जायजेथासमेत नदेखिएको अवस्था हुँदा प्रतिवादीको उक्त आम्दानीबाट निजले आफ्नो लागि समेत गर्नुपर्ने खर्च एवं निजको आम्दानीको स्रोतलाई विचार गर्दा वादीले प्रतिवादीबाट मासिक रू. २५००।- मानाचामल भराई पाउने ।

इजलास अधिकृतः दीपक ढकाल
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०७० साल जेठ १ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CR-०५०३, ०७८२, जवर्जस्ती करणी, *धनबहादुर वि.क. वि. नेपाल सरकार, नेपाल सरकार वि. धनबहादुर वि.क.*

पीडितलाई जवर्जस्ती करणी गर्दाको अवस्थामा पीडित कराउँदा मानिसहरू जम्मा भएको र पीडित जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरमा उपस्थित भई आफैंले जाहेरी दिएको देखिन्छ भने निजले आफ्नो जाहेरी व्यहोरालाई समर्थन गर्दै प्रतिवादी सनाखत गरी अदालतमा बकपत्र गरिदिएको पाइन्छ । पीडितको शारीरिक परीक्षणबाट समेत निजको शारीरिक अवस्था समर्थ छ भनी चिकित्सकबाट लेखिएको देखिएको हुँदासमेत निज पीडित मानसिकरूपमा अशक्त छ भनी मान्न मिलेन । पुनरावेदक वादीको पुनरावेदन जिकीरबमोजिम निजको हकमा जवर्जस्ती करणीको ३क आकर्षित हुनसक्ने नदेखिँदा प्रतिवादीलाई अभियोग माग दावीबमोजिम जवर्जस्ती करणीको १ नं. कसूरमा ऐ.को ३(५) नं. बमोजिम ५ वर्ष कैद र प्रतिवादीबाट पीडितले रू. १०,०००।- क्षतिपूर्ति भराई पाउने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्नाम
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०७० साल बैशाख १६ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-CR-०२८६, ०६३८, कर्तव्य ज्यान, *देवबहादुर तामाङ वि. नेपाल सरकार, जीतबहादुर रुम्बा वि. नेपाल सरकार*

प्रहरीमा कागज गर्ने व्यक्ति भ्यू रोड शो होटलका कर्मचारी सुजन मोक्तानले अदालतसमक्ष

गरेको बकपत्रको स.ज. ७ मा, "देवबहादुरलाई बाहिरपट्टि उभिइरहेको देखेको थिएँ" भनी लेखाएको पाइन्छ भने उक्त होटलको अर्का कर्मचारी राजु थापाले समेत बकपत्रको स.ज. ७ मा "देवबहादुर र अर्का साथीसमेत आई होटलमा छिरेका हुन्" भनी लेखाएको पाइन्छ । प्रहरीमा कागज गर्ने भ्यू रोड शो होटलका कर्मचारीहरूको उपरोक्त बकपत्र व्यहोराबाट समेत जीतबहादुर रुम्बाले आफू सावित भै देवबहादुरलाई गरेको पोलको पुष्टि भएको पाइन्छ । साथै अधिकारप्राप्त अधिकारीसमक्षको देवबहादुरको भनाई जीतबहादुरको अनुसन्धानको क्रममा भएको बयानसमेतबाट पुष्टि भएको अवस्था छ । मिसिल संलग्न प्रमाणबाट दुबैजना प्रतिवादीको वारदातमा संलग्नता देखिएको अवस्थामा प्रतिवादी जीतबहादुर रुम्बाले भिनाजु नाता पर्ने अर्का प्रतिवादी देवबहादुर तामाङलाई अभियोग दावीबाट उन्मुक्ति दिलाउने उद्देश्यले अदालतसमक्ष बयान गर्दा वारदातमा आफूबाहेक अरू कसैको संलग्नता नभएको भनी लेखाएको र अन्य स्वतन्त्र प्रमाणबाट समर्थित नभएको प्रतिवादी देवबहादुर तामाङको अदालतसमक्ष भएको इन्कारी बयानकै आधारमा मात्र प्रतिवादी देवबहादुर तामाङलाई अभियोग दावीबाट सफाइ दिन नमिल्ने ।

तिलकबहादुर थिङलाई मार्ने मनसायले काठमाडौं ल्याई होटलको कोठा बुक गरी सोही कोठामा मदिरा सेवन गराई योजनाबद्धरूपमा दुबैजना प्रतिवादीले कर्तव्य गरी मारेको हो भन्ने प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्षको साविती बयान, शव परीक्षण प्रतिवेदन, घटनास्थल तथा लास विवरण, प्रहरीमा कागज गर्ने भ्यू रोड शो होटलका कर्मचारीहरू सुजन मोक्तान र राजु थापाको बकपत्र तथा सनाखत कागजसमेतबाट पुष्टि भएको हुँदा प्रतिवादीहरू दाने भन्ने देवबहादुर तामाङ र काले भन्ने जीतबहादुर रुम्बाले तिलकबहादुर थिङलाई कर्तव्य गरी मारेको भन्नेमा कुनै शंका देखिएन । पूर्व रिसइवीको कारण मार्ने मनसाय र योजनाअनुरूप अपराध गरेको र वारदातको प्रकृति हेर्दा निर्ममतापूर्वक मारिएको भन्ने देखिनुकासाथै मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम घटी सजाय गर्ने विषय प्रतिवादीले पुनरावेदन जिकीरका रूपमा लिन मिल्ने विषय नभै न्यायकर्ताको स्वविवेकीय विषय भएको हुँदा मुलुकी ऐन, अ.बं. १८८ नं. को प्रयोग गर्नुपर्ने भन्ने प्रतिवादी काले भन्ने जीतबहादुर रुम्बाको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

प्रतिवादीहरू काले भन्ने जीतबहादुर रुम्बा र देवबहादुर तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्नाम

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल बैशाख १६ गते रोज २ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री तर्कराज भट्ट,** ०६८-CR-००५१, अपहेलना, *छेवाङ्ग तेन्जिङ्ग लामासमेत वि. सानुकाजी स्थापितसमेत*

विवादको कि.नं. ३६५ को जग्गामा बाटो अवरूद्ध हुने गरी कुनै निर्माण कार्य नगर्नु, नगराउनु भनी पुनरावेदन अदालत, पाटनबाट अन्तरिम आदेश जारी भएकोमा सोको पालना नभएकोले अपहेलनामा सजाय गरिपाऊँ भन्ने निवेदन माग देखिन्छ । जुन विषयमा अन्तरिम आदेश जारी भएको हो सो विषयमा अधिकारप्राप्त निकाय जिल्ला अदालतसमक्ष खिचोला मेटाई पर्खाल भत्काईपाऊँ भनी यी पुनरावेदकको फिरादपत्र परी तत् विषयमा प्रतिवादीले प्रतिवाद गरी बुझ्नुपर्ने प्रमाण बुझी वादीको कि.नं. ३६५ को ०-४-१-० जग्गाबाट ०-२-० खिचोला गरेकोले खिचोला मेटाई पर्खाल भत्काई चलन चलाई पाऊँ भन्ने वादी दावी पुग्न नसक्ने ठहर्छ भनी मिति २०६७।३।७ मा ललितपुर जिल्ला अदालतबाट फैसला भैसकेको प्राप्त प्रमाण मिसिलबाट देखिन आयो । विवादित विषयमा जिल्ला अदालतसमक्ष मुद्दा परी जिल्ला अदालतबाट विवादको निरूपण भैसकेको र सो निरूपण गरेको कुरामा चित्त नबुझे कानूनबमोजिम पुनरावेदन गर्ने

हक यी पुनरावेदकलाई रहे भएको र विवादको विषयमा परेको पुनरावेदनबाट कानूनबमोजिम निर्णय हुने नै हुँदा अदालतको अपहेलना गरेकोले सजाय गरिपाऊँ भन्ने निवेदन जिकीर पुग्न नसकी निवेदन नै खारेज हुने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०७० साल जेठ २ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CR-०३१४, जवर्जस्ती करणी, *बाबुराम भन्ने कुलप्रसाद अधिकारी वि. नेपाल सरकार*

प्रतिवादीको उमेर १५ वर्ष भनी कैद वर्ष ५ गर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसला विरूद्ध वादी नेपाल सरकारको पुनरावेदन नपरी स्वीकारी बसेकोबाट निजको उमेर अब १५ वर्ष भन्दा बढी रहेछ भनी मान्न मिलेन । पुनरावेदक प्रतिवादीले अदालतसमक्ष आरोपित कसूरमा इन्कार रही बयान गरेको भए पनि निज अनुसन्धानको सिलसिलामा बयान गर्दा करणी गरेको तथ्यमा सावित रहेका छन् । उक्त प्रतिवादीको सावितीलाई पीडिताको कागजले समर्थित तथा पुष्टि गरेको देखिन्छ । यस प्रकार पुनरावेदक प्रतिवादी बाबुराम भन्ने कुलप्रसाद अधिकारीले पीडितालाई जवर्जस्ती करणी गरेको नै देखिन आयो । अब प्रतिवादीलाई के कति सजाय हुने हो भनी विचार गर्दा मुलुकी ऐन, जवर्जस्ती करणीको महल ३(१) नं. को अभियोग दावीको कसूरमा दश वर्षभन्दा मुनिका बालबालिकालाई जवर्जस्ती करणीको गरेको भए दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद सजायको कानूनी प्रावधान रहेको देखियो । प्रतिवादी पुनरावेदकको उमेर १६ वर्षभन्दा कम भएकोले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम १४ वर्षभन्दा माथि १६ वर्षभन्दा मुनिको उमेरका प्रतिवादीलाई उमेर पुगेको व्यक्तिलाई हुने सजायको आधा सजाय हुने व्यवस्था रहेकोले निजलाई आधी मात्र सजाय हुने देखिन्छ । तसर्थ, बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम यी प्रतिवादी कुलप्रसाद अधिकारीलाई ५(पाँच) वर्ष कैद हुने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०७० साल जेठ १ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CR-०३३६, ०५३३, हातहतियार खरखजाना, *राजु रोका भन्ने मोहित खड्कासमेत वि. नेपाल सरकार, नेपाल सरकार वि. तिलबहादुर बुढाथोकीसमेत*

पुनरावेदन गर्ने प्रतिवादी मोहित खड्का, बाँधु चौधरी, जोगेन्द्र पासी र शंकर खड्काको हकमा विचार गर्दा यी प्रतिवादीहरूबाट अवैध हतियारहरू बरामद भएको कुरा बरामदी मुचुल्काबाट पुष्टि भैरहेको देखिन्छ भने निजहरू डाका, चोरी गरेकोमा कसूरमा सावित रहेको पनि देखिन्छ । यी प्रतिवादीहरूको साविती बयानलाई बरामदी मुचुल्का र प्रत्यक्षदर्शीहरूमध्ये राज खत्रीसमेतको बकपत्रबाट समर्थित भैरहेको स्थितिमा यी प्रतिवादीहरूलाई कसूरदार होइनन् भन्न मिल्ने अवस्था देखिन आएन । तसर्थ, मोहित खड्कासमेतका पुनरावेदन गर्ने प्रतिवादीहरूलाई कसूरदार ठहऱ्याएको पुनरावेदन अदालतको फैसला मिलेकै देखिन आयो । निजहरूलाई के कस्तो सजाय हुनुपर्ने हो भन्नेतर्फ विचार गर्दा पुनरावेदन अदालत, तुलसीपुर, दाङले जनही ३ वर्ष कैद ठहर गरेको मिलेकै देखियो । जरीवानातर्फ विचार गर्दा निजहरूलाई जनही रू. १,००,०००।- जरीवाना प्रमुख जिल्ला अधिकारीबाट भएकोमा सोसम्म नमिलेको भनी प्रतिवादीहरू मोहित खड्का, बाँधु चौधरी, जोगेन्द्र पासी र शंकर खड्कालाई जनही रू. ६०,०००।- जरीवाना पुनरावेदन अदालत, तुलसीपुर, दाङबाट भएको देखिन आयो । यसरी कसूरदार ठहरिएका पुनरावेदन गर्ने यी प्रतिवादीहरूलाई शुरूले गरेको जरीवाना रू. १,००,०००।- बाट घटाई रू. ६०,०००।- जरीवाना कायम गरेको देखिँदा सो तजविजबाट घटाएको देखिएको र सो घटाएकोतर्फ वादी नेपाल

सरकारको पुनरावेदन पर्न नसकेबाट सोतर्फ विचार गरिरहनुपर्ने अवस्था देखिन आएन। तसर्थ, पुनरावेदन अदालतको फैसलाबाट कुनै कानूनको त्रुटि वा बेरीत भएको भन्न सकिने अवस्था रहेन। यी प्रतिवादीहरूलाई शुरूले गरेको सजाय घटाई फैसला गरेको यस अवस्थामा सोहीलाई आधार बनाई पुनरावेदन लिई निजहरू यस अदालतमा प्रवेश गरेको देखिन आयो। फैसलामा तात्विक भिन्नता भए पनि उही कसूर कायम भएको र सजाय कम भएबाट झन् केही राहत पाएको अवस्थामा प्रतिवादीहरूको तर्फबाट परेको प्रस्तुत पुनरावेदन र नेपाल सरकारले उक्त घटी सजाय भएतर्फ पुनरावेदन नगरेको यस अवस्थामा वादी नेपाल सरकार र प्रतिवादीहरूको पुनरावेदन जिकीरलाई यथोचित मान्न नमिल्ने।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७० साल जेठ १ गते रोज ४ शुभम्।

## एकल इजलास

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६९-WO-०९६६, उत्प्रेषण, *रामलौटन थारूसमेत वि.लीलाकुमारी थारूसमेत*

अदालतसमक्ष विचाराधीन रहेको खाना खर्च मुद्दामा बुझ्नुपर्ने प्रमाणहरू बुझी निर्णय हुने अवस्थामा के कुन प्रमाणको के कस्तो मूल्याङ्कन हुनुपर्ने भै निर्णय हुने कुरा र सो निर्णयमाथि चित्त नबुझ्ने पक्षले पुनरावेदनसमेत गर्न पाउने कुराको कानूनी व्यवस्था हुँदाहुँदै अदालतसमक्ष विचाराधीन रहेको मुद्दामा बुझ्नुपर्ने उपयुक्त देखी शुरू अदालतले गरेको आदेश सम्बन्धमा प्रस्तुत रिट निवेदन दर्ता हुन आएको देखियो।

प्रतिवादीको आयस्रोत र सम्पत्ति विवरण बुझ्ने आदेश हुँदैमा मुद्दामा निर्णयमाथि सोही प्रमाणले मात्र अन्तिम प्रभाव नपार्ने भै सो मुद्दासँग सम्बन्धित अन्य प्रमाणहरूसमेतको मूल्याङ्कन साथसाथै हुने हुनाले उक्त आदेशलाई नै निर्णयसरह मान्नुपर्ने अवस्था छैन।

त्यसकारण निवेदकको विरूद्धमा अन्तिम निर्णय भैसकेको अवस्था नभएको र निवेदकले सामान्य अधिकारक्षेत्रअनुसार समेत कानूनी उपचार पाउन सक्ने अवस्था छँदाछँदै यस अदालतले आफ्नो असाधारण अधिकारक्षेत्र प्रयोग गर्ने एवं बाँके जिल्ला अदालतसमक्ष कारवाहीयुक्त अवस्थामा रहेको खाना खर्चसमेतको दावी भएको मुद्दामा प्रभाव पार्ने किसिमले आदेश गर्नसमेत मिल्ने देखिएन।

तसर्थ प्रस्तुत निवेदनमा विपक्षीहरू तर्फबाट लिखितजवाफ मगाइरहनुपर्ने कुरासमेत औचित्यपूर्ण देखिन आएन। निवेदन दावी खारेज हुने।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६९ साल चैत १९ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६९-WO-१२२८, उत्प्रेषणयुक्त परमादेश, *चेतराज उप्रेती वि. मध्य क्षेत्रीय प्रहरी तालिम केन्द्र, भरतपुर, चितवनसमेत*

मिति २०५६।१।१२ मा ४ दिनको बिदा लिई हिँडेका यी निवेदक एकै पटक २०६८/२०६९ मा मात्र अर्थात् १२/१३ वर्षपछि अति नै विलम्ब गरी आफ्नो नोकरीको खोजीनीति गर्न आएको देखिएको र यतिका वर्ष विलम्ब हुनुको कुनै मनासिब कारण र औचित्य निवेदकले देखाउन सकेको छैन। आमाको मृत्यु भएको र आफू पनि बिरामी परेको एवं माओवादीले नोकरी खान गएमा मार्ने धम्की दिएकोले समयमै हाजीर हुन नसकेको भनी आफ्नो कार्यालयमा जानकारी गराएको थिएँ भन्ने कथनले विलम्बलाई अन्यथा गर्न सक्दैन। आफ्नो अधिकारप्रति सचेत नरहने, अनावश्यक ढिलाइ गर्ने व्यक्तिको लागि असाधारण अधिकारक्षेत्र प्रयोग गरी रिट जारी गर्नु उपयुक्त हुने देखिन आएन। साथै, २०५७ सालमा नै नोकरीबाट बर्खास्त भएका यी निवेदक १२/१३ वर्षको लामो समयसम्म आफ्नो कार्यालयमा सम्पर्क राख्न नगएपछि निजलाई नोकरीबाट हटाएको निर्णयसमेतका कागजात नष्ट

गर्नु वा नभेटिनुलाई अस्वाभाविक भन्न मिल्ने नदेखिने ।

निवेदकले २०५६।१।१२ मा ४ दिनको बिदा स्वीकृति गराई बिदा बसेपछि पुनः प्रहरी सेवामा हाजीर हुन नगएको र तत्काल माओवादी द्वन्द्व चलिरहेकोले माओवादीले सेवामा फर्किए ज्यान मार्ने धम्की दिएकोले सेवामा फर्कन नसकेको कुरा निवेदन व्यहोरामा स्पष्टरूपले स्वीकार गर्नुका साथै अनुचित विलम्ब समेत गरी रिट क्षेत्रबाट उपचार माग गरेको देखिँदा निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी हुनसक्ने आधार र अवस्था विद्यमान रहेको देखिएन । प्रस्तुत रिट निवेदनको आधारमा विपक्षीहरूको नाउँमा कारण देखाउ आदेश जारी गरी लिखित जवाफ माग गर्नुपर्नेसमेत कुनै औचित्य देखिएन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत
कम्प्युटरः रानु पौडेल
इति संवत् २०७० साल जेठ १० गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** रिट नं. ०६९-WO-१२९६, उत्प्रेषणसमेत, *शोभाकुमारी सिँह वि. नवीनकुमार सिँहसमेत*

निवेदक र निजका पतिबीच सम्बन्ध बिच्छेद् मुद्दा शुरू पर्सा जिल्ला अदालतमा चलिरहेको अवस्था भएको र यस्ता मुद्दामा सम्बन्ध बिच्छेद् हुने भएमा लोग्ने र स्वास्नीको अंश छुट्ट्याउनुपर्ने भन्ने मुलुकी ऐन र लोग्ने स्वास्नीको महलको ४क नं. मा कानूनी व्यवस्था रहेको देखिँदा पर्सा जिल्ला अदालतबाट अंशियारहरूबाट तायदाती फाँटवारी माग गर्ने गरी भएको आदेश त्रुटिपूर्ण देखिएन । साथै पुनरावेदन अदालत, हेटौंडाबाट गरेको आदेश व्यहोरा हेर्दा पछि फैसला हुँदाका बखत सबूद प्रमाणको मूल्याङ्कनबाट ठहरेबमोजिम हुने नै हुँदा मुद्दाको कारवाहीको सिलसिलामा भएको आदेशलाई अन्यथा भनिरहनुपर्ने देखिएन भनी आदेश गरेको देखिएकोले उक्त आदेशबाट निवेदकको कानून तथा संवैधानिक हक हनन् भएको अवस्था देखिएन । निवेदनमा उल्लेख गरिएका मुद्दाहरूमा निर्णय हुँदा प्रमाणको समुचित मूल्याङ्कन हुने हुँदा विपक्षीबाट लिखित जवाफ मगाइरहनु परेन । रिट निवेदन खारेज हुने ।

इति संवत् २०७० साल जेठ ३१ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** रिट नं. ०६९-WO-१२२०, प्रतिषेधसमेत, *सुमीतकुमार गुप्ता वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत*

रिट निवेदकले मिति २०६८ असारमा विपक्षी लक्ष्मी साह रौनियारको छोरी नितुकुमारी साहसँग विवाह गरे पनि पति पत्नीबीच मनमुटाव भै मेल हुन नसकेको र यसै कारणले ससुराली पक्षबाट निवेदक र निवेदकका बाबु, आमा, बहिनीलाई आतङ्कित पार्ने, घर घेर्ने, धम्की दिने कार्य विपक्षीहरूले गरिरहेको हुनाले विपक्षीहरूको गैरकानूनी कार्य रोकी निवेदकको जीउ ज्यान सुरक्षाका लागि प्रतिषेध, परमादेशलगायत उपयुक्त आदेश जारी गरिपाऊँ भन्ने रिट निवेदन माग व्यहोरा रहेको देखिन्छ । रिट निवेदनमा निवेदकलाई विपक्षीहरूले प्रहरीको सहयोगमा काठमाडौंबाट पक्राउ गरी सप्तरी स्थित विपक्षीको कब्जामा लैजान सक्ने आशंका देखाई सो रोक्न माग गरेको भए पनि मुद्दा बहसको सिलसिलामा हाल निवेदकलाई पक्राउ गरी सप्तरीमा लगिसकेको अवस्था छ भनी उल्लेख गरेको पाइयो । त्यस्तै, यसै विषयमा यिनै निवेदकले पुनरावेदन अदालत पाटनमा निषेधाज्ञाको निवेदन दिएको भन्ने रिट निवेदनमा उल्लेख गरेको देखिन्छ र सोही विषयमा यस अदालतसमक्ष प्रस्तुत रिट निवेदन पेश गरेको देखिन्छ । यसर्थ, निवेदकले पुनरावेदन अदालत, पाटनसमक्ष दिएको निषेधाज्ञा निवेदनबाट उपचार पाउन सक्ने नै अवस्था देखिन्छ । साथै रिट निवेदनमा माग गरेबमोजिम निवेदकको विरूद्ध धरपकडको स्थिति गुज्रिसकेको

भन्ने बहस छलफलको क्रममा कानून व्यवसायीबाट उल्लेख हुन आएकोले समेत विपक्षीहरूबाट लिखित जवाफ माग गरिरहनु परेन । रिट निवेदन खारेज हुने ।

इति संवत् २०७० साल जेठ ७ गते रोज ३ शुभम् ।

## रीत/वेरीत आदेश

१

**मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६८ सालको RE-१८५, ०३२२, ज्यान मार्ने उद्योग, *मुकेश बुढाथोकी वि. नेपाल सरकार*

प्रतिवादीहरू मुकेश बुढाथोकी र देवानन्द यादवको हकमा विचार गर्दा तत्काल प्राप्त प्रमाणबाट कसूर हो भन्न सकिने आधार नदेखिएकोले शुरू मोरङ जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा राख्ने गरी गरेको आदेश बदर गरी निजलाई पुर्पक्षको लागि मुलुकी ऐन, अ.बं. ४७ नं. बमोजिम तारिखमा राख्ने गरी पुनरावेदन अदालतबाट भएको आदेश तत्काल प्रमाणको आधारमा वेरीतको नदेखिँदा परिवर्तन गरिरहनु नपर्ने ।

प्रतिवादीमध्ये प्रभाकर रानामगरको हकमा विचार गर्दा निज प्रतिवादी मौकाको बयानमा र शुरू अदालतसमक्ष समेत कसूरमा इन्कार रहनुको साथै निजको कसूर पुष्टि गर्ने अन्य कुनै ठोस प्रमाण तत्काल नदेखिएको भन्नेसमेतको आधारमा शुरू मोरङ जिल्ला अदालतबाट निजलाई अ.बं. ४७ नं. बमोजिम तारिखमा राख्ने गरी भएको आदेशमा कुनै परिवर्तन नगरी यथावत् राखेको पुनरावेदन अदालत, विराटनगरको आदेश प्राप्त प्रमाणको रोहमा वेरीतको नदेखिँदा परिवर्तन गरिरहनु नपर्ने ।

प्रतिवादी मनोज सिंह राईको हकमा न्याय प्रशासन ऐन, २०४८ को दफा ८(४) बमोजिम पेश हुन आएको देखिएतापनि निजलाई अर्को मुद्दाबाट छुटी जाने भएमा थुनछेकको लागि पेश गर्नु भन्ने र यस मुद्दामा तत्काल थुनछेकको आदेश गर्नु भन्ने दुई न्यायाधीशको दुई किसिमको राय आदेशसम्म भएको सम्बन्धित आदेशहरूबाट देखिन आएकोले न्याय प्रशासन ऐन, २०४८ को दफा ८(४) को अवस्था विद्यमान देखिएन । यस्तो स्थितिमा तेस्रो न्यायाधीशसमक्ष पेश गराई कानूनबमोजिम आदेश गर्न गराउन पुनरावेदन अदालत, विराटनगरमा पठाई दिनू ।

इति संवत् २०७० साल असार ५ गते रोज ४ शुभम् ।

२

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा,** नि.नं. ०६९-AP-०४९६, कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. उमाकान्त यादवसमेत*

मिसिल संलग्न थप प्रमाणबाट प्रतिवादीहरू उमाकान्त यादव, दीपेन्द्रप्रसाद यादव, विन्देश्वर यादव, महेन्द्रप्रसाद यादव, सत्यनारायण यादव, रामसेवक यादव, कासिन्द्र यादव, रामानन्द यादव र रुन्दी मण्डललाई थुनामा राख्नुपर्ने अवस्था देखिए त्यस अदालतबाट थप आदेश हुनसक्ने नै हुँदा हाल जिल्ला अदालतको आदेश सदर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०७०।१।१२ को आदेशउपर कैफियत प्रतिवेदन मगाइरहनु नपर्ने ।

इति संवत् २०७० साल असार ४ गते रोज ३ शुभम् ।

## अन्तरिम आदेश

१

**मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६९-WO-१२८३, परमादेश, *शोभा चन्द्र मिश्र वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत*

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानमा विकास समिति र नेपाल सरकारका कर्मचारीहरूको २०७० साल बैशाखअघिसम्म फरकफरक हाजिरी रजिष्ट्रर रहेको भन्ने निवेदन एवं निवेदनसाथ प्रस्तुत कागजातबाट देखिएकोले सुविधा सन्तुलनको दृष्टिकोणबाट यो निवेदनको टुङ्गो नलागेसम्म निवेदन मागबमोजिम फरकफरक हाजिरी रजिष्ट्ररमा हाजिरी गर्नू, गराउनू भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल असार ६ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६९-WO-१३२९, उत्प्रेषण, *सकिद मियाँ अन्सारी वि. पुनरावेदन अदालत, हेटौंडासमेत*

ऋण खाँदाको अवस्थामा प्रतिवादीहरू सगोलमै रहे बसेको र कपाली तमसुकको मिति २०५८।१।८ भन्दा पछि अर्थात् मिति २०६१।१।१४ मा बण्डापत्रको लिखत पारीत भएको देखिएको अवस्थामा फैसला कार्यान्वयनका लागि रोक्का रहेको जग्गा फुकुवा गर्दा सुविधा सन्तुलनको दृष्टिलेसमेत निवेदकलाई अपूरणीय क्षति हुनसक्ने देखिँदा प्रस्तुत रिट निवेदनको अन्तिम किनारा नलागेसम्म पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।१०।११ को जग्गा फुकुवा गर्ने गरी भएको आदेश यथास्थितिमा राख्नू भनी विपक्षीहरूको नाउँमा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल असार ९ गते रोज १ शुभम् ।

- **हामी सर्वोच्च अदालतबाट भएका सबै निर्णयहरु यस बुलेटिनमा प्रकाशित गर्दछौं ।**
- **सम्बन्धित इजलास अधिकृतबाट सबै निर्णयका सबै प्रतिलिपिहरु प्राप्त हुन्छन् भन्ने हामी विश्वास गर्दछौं ।**
- **यहाँ प्रकाशित निर्णयहरु केवल सूचना सम्प्रेषण गर्ने प्रयोजनका लागि हुन् । यिनको रीतपूर्वक नक्कल लिन सकिन्छ ।**